परमेश्वरको अनुग्रह
THE GRACE OF GOD

विलियम म्याकडोनाल्ड

प्रकाशकः
जीवन मार्ग प्रकाशन
पी.ओ. बक्स नं. ९५८
काठमाडौं, नेपाल

पहिलो संस्करण २०१५ – २००० प्रति

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

Title of the English original:
'THE GRACE OF GOD'
Copyright by Christian Missions in Many Lands,
Inc., PO Box 13, Spring Lake, NJ 07762; USA
www.cmml.us

विषय तालिका

सि.नं.	शिर्षक	पेज नं.
१.	परमेश्वरको अनुग्रह (The Grace of God)	५
२.	परमेश्वरको महान्ता (The Greatness of God)	१४
३.	मानिसको पापमय अवस्था (The Sinfulness of Man)	२५
४.	मानिसप्रति परमेश्वरको भलाइ (God`s Goodness to Man)	३३
५.	हाम्रो प्रभु येशू ख्रीष्टको अनुग्रह (The Grace of Our Lord Jesus Christ)	४०
६.	विश्वासमार्फत अनुग्रहद्वारा मुक्ति (Salvation by Grace Through Faith)	४७
७.	तपाईं धनी बन्न सक्नुहुन्छ (That Ye Might Be Rich)	५९
८.	निश्चयता (Assurance)	६९
९.	अनन्त सुरक्षा (Eternal Security)	७६
१०.	परमेश्वरको अनुग्रहप्रति मानिसको प्रत्युत्तर (Mans Response To God’s Grace)	८५

परमेश्वरको अनुग्रह
(The Grace of God)

मानिलिनुहोस्— तपाईंको जीवनको आनन्द र खुसीको रुपमा ६ वर्षीय छोरा छ। मानिलिनुहोस्— उसको निर्मम रुपमा हत्या भयो। दोषी हत्याराप्रति तपाईंको सोच के हुन्छ होला ?

यदि उसले गरेको अपराधको कारण उसलाई मार्न तपाईंले हर–तरहले आफ्नो शक्ति प्रयोग गर्नुभयो भने त्योचाहिँ **बदला** (Vengeance) हुनेछ।

यदि तपाईं त्यस व्यक्तिलाई सरकारले नै सजायको भागिदार बनाएर फाँसी दिएको हेर्न चाहनुहुन्छ भने त्यो **न्याय** (Justice) हुनेछ।

तर यदि तपाईंले त्यस हत्यारालाई माफी दिने हो भने, उसलाई आफ्नो घरमा निमन्त्रणा दिनुहोस् अनि आफ्नो छोराझैं गरी उसलाई स्वीकार्नुहोस्। योचाहिँ **अनुग्रह** (Grace) हो।

कुरा त हो, तर यो दृष्टान्तचाहिँ यथार्थ हुन सक्दैन, यो यथार्थदेखि परको कुरा हो भनी मनमनै सोचिरहनुभएको होला।

अब अर्को उदाहरण पनि हेरौं । मानिलिऔं— तपाईंले परमेश्वरविरुद्ध पाप गर्नुभयो । यो पनि मानिलिऔं— परमेश्वरको व्यवस्थाअनुसार तपाईं त्यस पापको कारण नरकको

भागिदार हुनुभएको छ। यदि परमेश्वरले सो सजाय कार्यान्वयन हुन दिनुभयो भने तपाईंले त्यस सजाय सम्बन्धी केही पनि गुनासो गर्न सक्नुहुन्न। किनकि तपाईंले ईश्वरीय कानूनअनुसार जे सजाय पाउनुपर्ने हो सो सजाय पाइरहनुभएको हुन्छ।

तर यदि परमेश्वरले तपाईंका पापहरूको मूल्य तिर्न भनेर तपाईंको बदलामा आफ्नो पुत्रलाई मर्न पठाउनुभएमा तपाईं के सोच्नुहुन्थ्यो होला? अनि यदि परमेश्वरले तपाईंलाई उपहारको रुपमा अनन्त जीवन दिनुभयो भने तपाईंलाई कस्तो लाग्थ्यो होला ? यदि उहाँको पुत्रलाई आफ्नो पाप बोकिदिने व्यक्तिको रुपमा ग्रहण गर्नुपर्दा तपाईंलाई कस्तो लाग्थ्यो होला ? अनि यदि परमेश्वरले नै तपाईंलाई 'म तिमीलाई मेरो आफ्नो पुत्र तुल्याउनेछु र तिमी मसित अनन्तसम्म स्वर्गीय घरमा लान चाहन्छु' भन्नुभयो भने तपाईं के सोच्नुहुन्थ्यो होला ?

तपाईं त्यस कुरालाई के भन्नुहुन्थ्यो होला ? परमेश्वरको त्यस्तो व्यवहार बारे वर्णन गर्ने तपाईंसित एउटै मात्र शब्द हुनेछ। त्यो शब्द हो — **अनुग्रह** ।

हो, परमेश्वरले यही कार्य गरिरहनुभएको छ। परमेश्वरले गर्नुभएको यो कार्य सत्य भएको हुनाले माथि प्रस्तुत गरिएको उदाहरण सटिक उदाहरण हो। परमेश्वरले आफ्नो पुत्र येशू ख्रीष्टमाथि विश्वास गर्ने भक्तिहीन पापीहरूप्रति असीमित कृपा दर्शाइरहनुभएको छ।

परमेश्वरको अनुग्रह बारे बुझ्नको लागि तल दिइएका पाँच ओटा सरल कथनहरू (Statements) हेरौं। अनि, त्यसपछि प्रत्येक कथन सम्बन्धी सविस्तार वर्णन गर्नेछौं।

१. अनुग्रह प्राप्त गर्नै नसक्ने पापीहरूप्रति परमेश्वरको

असीमित कृपा नै अनुग्रह हो।

२. **उहाँको पुत्र येशू ख्रीष्टमाथि विश्वास गर्ने हरेकलाई परमेश्वरको अनुग्रहद्वारा मुक्ति उपहारको रुपमा मिल्नेछ।**

३. **परमेश्वर पापीहरूप्रति आफ्नो अनुग्रह देखाउन सक्षम हुनुहुन्छ किनकि प्रभु येशू ख्रीष्टले कलवरी क्रूसमा तिनीहरूको सट्टा मृत्यु वरण गर्नुभयो।**

४. **अनुग्रहलाई न सिङ्गो रुपमा न त आंशिक रुपमै आर्जन गर्न सकिन्छ, न प्राप्त गर्न नै योग्य हुन सकिन्छ, न त किन्न नै सकिन्छ।**

५. **परमेश्वरको अनुग्रह अथाह वा असिमित हुन्छ।**

सर्वप्रथमतः **अनुग्रह प्राप्त गर्नै नसक्ने पापीहरूप्रति परमेश्वरको असीमित कृपा नै अनुग्रह हो** ।

यो अति महत्त्वपूर्ण विषय हो । मानिस जाति परमेश्वरद्वारा असल व्यवहार गरिन योग्यका छैनन् । उहाँ मानिस जातिप्रति उहाँलाई अनुग्रही बन्नुपर्ने खासै केही कारण छैन । मानिसले कुनै पनि प्रकारले अनुग्रह दावी गर्न सक्दैन । यदि परमेश्वरले मानिसका सन्तानहरूलाई कृपा देखाउन इच्छा गर्नुहुन्छ भने त्यो कुरा उनीहरूमा भएर होइन तर सर्वशक्तिमान परमेश्वरमा भएर मात्रै गर्नुहुन्छ।

परमेश्वरको अनुग्रह पापीहरूप्रति देखाइएको छ। यो कुरालाई ध्यानपूर्वक विचार गर्नुहोस् परमेश्वरले असल मानिस, धर्मी मानिस वा नैतिक मानिसप्रति होइन, तर पापी मानिसप्रति अनुग्रह देखाउनुभयो । अनुग्रह सदैव आफ्नो प्रकृतिअनुसार परमेश्वरदेखि भक्तिहीन मानिसहरूतर्फ बग्दछ । अनुग्रहचाहिँ दोषी, र दण्डको योग्यहरूका अवस्थामा मात्रै लागू हुन सक्दछ। “अनुग्रहले स्वीकार

गर्न सकिने खालका असल मानिसको खोजी गर्दैन । यदि त्यसो भएमा त्यो अनुग्रह होइन तर त्यो त राम्रो–नराम्रो छुट्याउने न्याय मात्रै हुनेछ । तर अनुग्रहले चाहिँ दण्डको योग्य, दोषी, निमुखा, असहाय मानिसहरूलाई बचाउने, पवित्रीकरण गर्ने र महिमित तुल्याउने उद्देश्यले त्यस्ता खालका मानिसहरूको मात्रै खोजी गर्दछ ।" – सि.आई. स्कोफिल्ड

पापीहरू परमेश्वरको कृपा पाउन योग्यका हुँदैनन् । तर उनीहरू अनुग्रह विपरीतका हुन्छन् । "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुनगएका छन्" (रोमी ३:२३) । ईश्वरीय न्यायका नियमहरूअनुसार कुनै पनि पापी व्यक्ति आफ्नो पापको कारण मर्नुपर्ने र नरकमा अनन्त समय बिताउनुपर्ने हुन्छ ।

यसकारण दण्डका भागिदारहरूप्रति देखाइएको दया नै परमेश्वरको अनुग्रह हो ।

सम्झिनुपर्ने दोस्रो कुरा : **उहाँको पुत्र येशू खीष्टमाथि विश्वास गर्ने हरेकलाई परमेश्वरको अनुग्रहद्वारा मुक्ति उपहारको रुपमा मिल्नेछ ।**

मुक्ति भनेको यस भौतिक जीवनमा पापको सजाय र शक्तिबाट छुटकारा पाउनु हो भने परलौकिक जीवनमा पापको उपस्थितिदेखि पनि उन्मुक्ति प्राप्त गर्नु हो ।

परमेश्वरले अनुग्रह उपहारको रुपमा दिनुभएको छ । सित्तैंमा अनुग्रह प्राप्त गर्नुको तात्पर्य हो— हामीले त्यसको निम्ति केही पनि मूल्य वा दाम तिर्नु पर्दैन । मानिसले त दाताबाट अनुग्रह खुरुक्क लिने मात्रै हो ।

मानिसले परमेश्वरको अनुग्रहको सुन्दर उपहार प्राप्त गर्न केवल

प्रभु येशू खीष्टमा विश्वास गरे पुग्दछ। मानिसले येशू खीष्टलाई आफ्नो प्रति स्थापक (Substitute) को रुपमा मुक्तिदाता भनी स्वीकार गर्दछ। उसले आफ्नो आत्मा, प्राण र शरीरको अनन्त हित येशू खीष्टमै सुम्पन्छ। येशू खीष्ट मेरो निम्ति कलवरीको क्रूसमा मर्नुभयो भन्ने विश्वाससाथ उसले येशू खीष्टलाई परमेश्वरले प्रदान गर्नुभएको निर्विकल्प मुक्तिको रुपमा स्वीकार गर्दछ। येशू खीष्टलाई ग्रहण गरेकै क्षणमा परमेश्वरको अनुग्रहद्वारा उसले उद्धार प्राप्त गर्दछ।

अब, यस कुराले हामीलाई तेस्रो बुँदातिर लैजान्छ।

परमेश्वर पापीहरूप्रति आफ्नो अनुग्रह देखाउन सक्षम हुनुहुन्छ किनकि प्रभु येशू खीष्टले कलवरी क्रूसमा पापीहरूको सट्टा मृत्यु वरण गर्नुभयो।

मानिसको पाप नदेखेजस्तो गर्नु, त्यसप्रति आँखा चिम्लनु वा त्यतिकै छोडिदिनु परमेश्वरको निम्ति न्यायिक वा धार्मिक हुँदैन थियो। ईश्वरीय कानूनअनुसार पाप गर्ने व्यक्तिले आफ्नो पापअनुसारको सजाय भोग्नै पर्दछ। उक्त कानून कार्यान्वयन भएकै हुनुपर्दछ।

यद्यपि, यदि कुनै मानिसले आफ्ना पापहरूको मूल्य चुकाउन परेमा ऊ सदालाई विनाशमा पुग्नेछ।

परमेश्वर पापीलाई प्रेम गर्नुहुन्छ, तापनि उहाँ आफ्नो व्यवस्थामा अडिग हुनुहुन्छ। त्यसो हो भने उहाँले पापीलाई कसरी बचाउन सक्नुहुन्छ त ? यस प्रश्नको जवाफ हो : उहाँले आफ्नो पापरहीत पुत्रलाई पापीहरूको सट्टामा मर्न पठाउनुभयो। प्रभु येशू खीष्टले मानिसले तिर्नुपर्ने पापको मोल तिरीदिनुभयो। उहाँले अरुहरूको

पापको दण्ड भोग्नुभयो। हामी जुन मृत्युको योग्य थियौं, उहाँले त्यही मृत्यु वरण गर्नुभयो।

यहाँनेर अब ईश्वरीय न्यायका सम्पूर्ण मापदण्डहरू पूर्णतः पूरा भएका छन्। परमेश्वरले आफ्नो पुत्र येशू ख्रीष्टलाई प्रभु र मुक्तिदाता भनी ग्रहण गर्नेहरूलाई अनन्त जीवन दिनुहुन्छ।

त्यसकारण अनुग्रहलाई कहिलेकाहीँ यसरी पनि परिभाषित गरिन्छ :

ख्रीष्टको
मूल्य
चुकाइमा
परमेश्वरको
वैभव।

प्रभु येशू ख्रीष्टको मृत्यु, दफन र पुनरुत्थानले परमेश्वरलाई धार्मिक आधार प्रदान गर्दछ। उहाँले त्यही आधारमा रहेर उद्धार प्राप्त गर्न ईच्छुक भक्तिहीन पापीहरूलाई बचाउन सक्नुहुन्छ।

चौथो बुँदा हेरौं। **अनुग्रहलाई न सिङ्गो रुपमा, न त आंशिक रुपमै आर्जन गर्न सकिन्छ, न प्राप्त गर्न नै योग्य हुन सकिन्छ, न त किन्न नै सकिन्छ** । यही कारणले बाइबलले अनुग्रहलाई व्यवस्था, काम र ऋणदेखि अलग्याएको छ।

व्यवस्थाअनुसार मानिस जे प्राप्त गर्न योग्य छ, उसले त्यही कुरा मात्रै प्राप्त गर्दछ। उदाहरणार्थ, आज्ञा पालन गर्नेहरूले यस पृथ्वीमा जीवन र आज्ञा पालन नगर्नेहरूले चाहिँ मृत्यु पाउनेछन् भनी दश आज्ञामा प्रतिज्ञा गरिएको पाइन्छ।

कार्यको सिद्धान्तअनुसार मानिसले आफ्नो परिश्रमअनुसार

ज्याला प्राप्त गर्दछ । मानिसले आफ्नो परिश्रमद्वारा ज्याला आर्जन गरेको हुनाले ऊ आफ्नो कामअनुसारको ज्याला प्राप्त गर्न योग्य हुन्छ ।

त्यसैगरी, ऋणको अवधारणा पनि त्यस्तै हो । यदि कसैले कसैलाई सेवाबापत तिर्नु छ भने उसले तिर्नै पर्दछ। तर माथि उल्लेख गरिएका सबै कुराभन्दा अनुग्रहचाहिँ ठीक विपरीत हुन्छ।

परमेश्वरले व्यवस्था पालकहरूलाई बचाउनुहुन्न । यदि कुनै व्यक्ति दश आज्ञा पालन गर्न सक्षम हुन्थ्यो भने उसलाई बचाइरहनुको कुनै औचित्य हुँदैन थियो । तर अनुग्रहले चाहिँ व्यवस्था भङ्ग गरेकाहरू र नरकको जोखिममा जिइरहेकाहरूलाई बचाउने कार्य गर्दछ।

मुक्तिचाहिँ असल कार्य गरे बापत कुनै व्यक्तिलाई दिइने इनाम होइन । यो त मुक्तिका निम्ति परिश्रम नगर्ने तर पापीहरूलाई धर्मी ठहऱ्याउनुहुने परमेश्वरमा विश्वास गर्नेहरूलाई दिइने इनाम हो (रोमी ४:४,५)।

मुक्ति भनेको ऋण होइन जुन परमेश्वरले मानिसहरूको जीवनको शुद्धताको खातिर तिर्नुपर्ने ऋण पनि होइन मुक्ति । यो त नरकतिर जान लागेका मानिसहरूप्रति परमेश्वरद्वारा देखाइएको दया हो । मुक्ति कमाउन खोज्नु, मुक्तिको योग्य बन्न चाहनु वा किन्न खोज्नु भनेको दातालाई अपमान गर्नु मात्रै हो । संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिद्वारा रात्री भोजमा सरीक हुन ह्वाइट हाउसमा निमन्त्रणा पाएको परिकल्पना गर्नुहोस्। मानिलिनुहोस्— मीठा–मीठा परिकारले भरिएको टेबलको सामु तपाईंलाई बसाइएको छ । त्यो सन्ध्याकालीन समयलाई तपाईंको निम्ति अति मनमोहक तुल्याइदिन

कुनै कसर बाँकी राखिएका छैन। त्यो प्रेममय भेटघाटपछि तपाईंलाई बिदाइ गर्न राष्ट्रपति अगाडि ढोकामा उभिएका छन्।

अब तपाईं के गर्नुहुन्छ त ? बिदाइ हुँदै गर्दा के तपाईं राष्ट्रपतिको हातमा केही रकम थमाउँदै यसो भन्नुहुन्छ, "धन्यवाद छ, राष्ट्रपतिज्यू तपाईंको दयाको निम्ति मैले रात्री भोजमा भरपूर आनन्द लिएँ। मलाई लागेको छ— यस कार्यक्रमको निम्ति तपाईंले धेरै खर्च गर्नुभएको छ। तपाईंले दिनुभएको रात्री भोजको निम्ति म केही सहायता गर्न चाहन्छु।"

राष्ट्रपतिले देखाएका दयास्वरुप के त्यस्तो व्यवहार उपयुक्त हुन्थ्यो त ? बरु, त्यो त अभद्र र अपमानजनक व्यवहार पो ठहरिन्थ्यो। हो, परमेश्वरको अनुग्रहमा पनि त्यस्तै हुन्छ। मुक्तिको उपहार किन्न खोज्नु भनेको मुक्ति दिनुहुने परमेश्वरलाई अपमान गर्नु हो।

"अरे, पैसा पर्दैन, परमेश्वरको अनुग्रह त सित्तैं हो नि।

पावलका निम्ति, मग्दलिनीको निम्ति र तिमी सबैका निम्ति।"

शर्तहरू थपिने बित्तिकै अनुग्रहचाहिँ अनुग्रह हुन छोड्दछ। "तर अनुग्रहद्वारा हो भने यो कामहरूद्वारा हुँदै होइन, नत्र त अनुग्रह अनुग्रह नै हुँदैन। तर यो चाहिँ कामहरूद्वारा हो भने यो अनुग्रह नै होइन : नत्र त काम काम नै होइन" (रोमी ११:६)।

अब, अन्तिम बुँदा हेरौं। **परमेश्वरको अनुग्रह अथाह वा असीमित हुन्छ**।

तपाईं र मेरो आत्मालाई बचाउनको निम्ति परमेश्वर मूल्य चुकाउन तयार हुनुभएको कुरा विचार गर्नुहोस् त उहाँले आफ्नो एक मात्र पुत्र येशूलाई दिनुभयो। परमेश्वरले बाहेक कसैले पनि यस्तो कार्य गर्न सक्तैन थियो।

उहाँले बचाउनुहुने व्यक्तिहरूलाई सररर सम्झनुहोस् त ती व्यक्तिहरू हुन् : वेश्याहरू, व्यभिचारीहरू, झूटाहरू, ठगाहहरू, हत्याराहरू, विश्वासघातीहरू, नास्तिकहरू र धार्मिक पाखण्डीहरू, आदि–इत्यादि। कोही पनि व्यक्ति परमेश्वरको अनुग्रहदेखि पर छैन र कोही पनि मुक्तिदेखि टाढा छैन।

परमेश्वरले प्रकट गर्नुभएको धैर्यलाई विचार गर्नुहोस् युगौंयुगदेखि उहाँले अपमान र तिरस्कार भोगिरहनुभएको छ। उहाँका सन्देशवाहकहरू ढुङ्गाले मारिएका छन् र सताइएका छन्। उहाँको प्यारो पुत्रलाई क्रूसमा चढाइयो, मारियो। तर जहाँ पाप प्रशस्त भयो, त्यहाँ झन् बढी अनुग्रह प्रशस्त भयो। अनि उहाँले अझै पनि "प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ ..." (प्रेरित १६:३१) भन्ने मुक्तिको शुभसन्देश पठाई रहनुभएको छ।

उहाँले विश्वास गर्ने पापीहरूलाई जुन स्थानमा उचाल्नुभएको छ, त्यो स्थान विचार गर्नुहोस् त परमेश्वरले पापी व्यक्तिलाई आफ्नो सन्तान, आफ्नो उत्तराधिकारी र ख्रीष्टको साझे–हकदार तुल्याउनुभएको छ। उहाँले पापी मानिसलाई पाप, मृत्यु र नरकदेखि बचाउनुहुन्छ। अनि, उसलाई सदाको निम्ति ख्रीष्टसँगै रहन र ख्रीष्टजस्तै हुनलाई स्वर्गीय वासस्थानको निम्ति तयार पार्नुहुन्छ।

परमेश्वरको अनुग्रह कवि–कवियत्रीहरू, कलाकारहरू, राजकुमारहरू, कृषकहरू, शहिदहरू र मृत्यु वरण गरिरहेका चोरहरूका निम्ति प्रेरणा बन्नु नौलो विषय होइन। अनुग्रहचाहिँ समस्त विषयहरूभन्दा महान् कुरा हो।

परमेश्वरको महान्ता
(The Greatness of God)

"परमेश्वर सम्बन्धी तपाईंले सोच्नुभएका कुराहरू नितान्त मानवीय हुन्।" —लुथर

यदि परमेश्वर हामीभैं केवल मानिस हुनुभएको हो भनेर सोच्दछौं भने हामी उहाँको अनुग्रहलाई त्यति कदर गर्दैनौं। तर यदि हामीले परमेश्वर सम्बन्धी असम्भव कुरा सोच्दछौं भने उहाँले आफ्नो पुत्र हाम्रो निम्ति मर्न पठाउन सक्नुहुन्थ्यो होला र भनी अलमल पर्नेछौं। हामी जति-जति परमेश्वरको व्यक्तित्वको महान्ता बोध गर्दैजान्छौं, हामी त्यति-त्यति नै उहाँलाई सारा अनुग्रहको परमेश्वरको रुपमा आराधना गर्नेछौं।

उहाँका महान्ता विचार गर्ने क्रममा उहाँ सृष्टि गरिनुभएको परमेश्वर हुनुहुन्न भन्ने कुरा सर्वप्रथम स्मरण गरौं। बरु उहाँले नै सबै थोक सृष्टि गर्नुभयो। उहाँको न त प्रारम्भ बिन्दु छ, न अन्तिम बिन्दु नै छ। उहाँ अनन्त परमेश्वर हुनुहुन्छ (व्यवस्था ३३:२७)।

उहाँ मात्रै महान् परमेश्वर हुनुहुन्छ। उहाँभैं अरु कोही पनि छैनन्। "हे परमप्रभु देवताहरूका बीचमा तपाईंजस्तो को छ र ? तपाईंजस्तो पवित्रतामा महिमावान्, प्रशंसाहरूमा भययोग्य, अचम्मका काम गर्नुहुने को छ र" ? (प्रस्थान १५:११)।

परमेश्वर सारा संसारमै सबैभन्दा उच्च हुनुहुन्छ। त्यसकारण हामीले यस संसारमा अत्यन्तै महत्त्वपूर्ण ठानेका व्यक्तिहरू पनि उहाँका सामु अत्यन्तै साना देखिन्छन्। "पृथ्वीको गोलो परिधिमाथि बस्नुहुने उहाँ हुनुहुन्छ, र त्यसका बासिन्दाहरू फट्याङ्ग्रासरह छन्। उहाँले आकाशहरूलाई पर्दा झैं टाँग्नुहुन्छ, र त्यसमा बस्न तिनलाई पालझैं फैलाउनुहुन्छ। उहाँले शासकहरूलाई शून्य ठहराउनुहुन्छ। उहाँले न्यायकर्ताहरूलाई व्यर्थका तुल्याउनुहुन्छ" (यशैया ४०: २२,२३)।

संसारमा भएका राष्ट्रहरू पनि उहाँको सामु झिनामसिना देखिन्छन्। "हेर, जातीहरू त बाल्टीको एक थोपाजस्तो मात्र हुन्, र तराजुमा टाँसिएको मसिनो धूलोजस्तो मात्र गनिन्छन् : हेर, उहाँले टापुहरू एउटा कणझैं उठाउनुहुन्छ। उहाँको सामु सबै जातीहरू शून्य बराबर छन् : अनि तिनीहरू त उहाँको निम्ति शून्यभन्दा कम र व्यर्थका गनिन्छन्" (यशैया ४०:१५,१७)।

"उहाँले आफ्नै समयहरूमा प्रकट गर्नुहुनेछ, जो परमधन्य, अद्वितीय अधिराज, राजाहरूका राजा, प्रभुहरूका प्रभु हुनुहुन्छ। उहाँसँग मात्र अमरता छ, उहाँ ज्योतिमा बास गर्नुहुन्छ, जसको नजिकमा कोहीपनि जान सक्दैन। न त उहाँलाई कुनै मानिसले नै देख्न सक्छ : उहाँलाई नै आदर र अनन्त महिमा होऊन्। आमेन" (१ तिमोथी ६:१५,१६)।

"उहाँ मात्रै सम्मान गरिन, आराधना चढाइन र प्रशंसा गरिन योग्य हुनुहुन्छ। उहाँ आफ्नो प्रतापमा एकल, उच्चतामा अद्धितीय र सिद्धतामा बेजोडा हुनुहुन्छ। उहाँले सबै थोक थाम्नुभएको छ तर उहाँचाहिँ निरपेक्ष हुनुहुन्छ। उहाँले सबैलाई दिनुहुन्छ तर उहाँ कसैबाट पनि धनवान बनाइनुहुन्न।"

परमेश्वर आफै प्रर्याप्त हुनुहुन्छ (प्रेरित १७:२५)। उहाँलाई कुनै थोक वा कुनै व्यक्तिको कति पनि जरुरत पर्दैन। उहाँ आफैमा सबै थोक हुनुहुन्छ। उहाँ सबैदेखि पूर्ण रुपमा निरपेक्ष हुनुहुन्छ।

त्यति मात्रै होइन, उहाँलाई आफ्ना सृष्टिहरूको अधीनमा ल्याउन बिलकुलै असम्भव पनि छ। उहाँ कुनै पनि मानिसप्रति ऋणी हुनुपर्दैन। न त मानिसले परमेश्वरलाई तिर्नुपर्ने कुरा नै तिर्न सक्छ। परमेश्वरले आफ्नो सृष्टिप्रति जे गर्नुहुन्छ, त्यो अनुग्रहबाहेक केही होइन। "कसले पो उहाँलाई पहिले दिएको छ, र फेरि उसलाई फिर्ता दिइएला? किनभने सबै कुराहरू उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्। उहाँलाई नै सदासर्वदा महिमा होस्। आमेन" (रोमी ११:३५,३६)।

परमेश्वरको ज्ञान अथाह छ। उहाँलाई थाहा नहुने कुरा केही पनि छैन, चाहे त्यो भूतकाल होस्, वा वर्तमान होस् वा त्यो भविष्य काल नै किन होस्। "तिमीहरूका शिरका केशधरि सबै गन्ति भएका छन्" (मत्ती १०:३०)। "पाँच ओटा भँगेरा दुई तामाको पैसामा बिक्री हुँदैनन् र ? अनि तीमध्ये एउटा पनि परमेश्वरको सामु बिर्सिएको छैन" (लूका १२:६)। "उहाँलाई कसैले पनि शिक्षा दिएका छैन न त सल्लाह नै दिएको छ। कसले परमप्रभुको आत्मालाई बाटो देखाएको छ, अथवा उहाँको सल्लाहकार भएर उहाँलाई सिकाएको छ ? कससँग उहाँले सल्लाह लिनुभयो, अनि कसले उहाँलाई शिक्षा दियो, र न्यायको मार्गमा उहाँलाई सिकायो, उहाँलाई ज्ञान सिकायो र उहाँलाई समझको मार्ग देखायो ?" (यशैया ४०:१३,१४) "आहा, परमेश्वरको बुद्धि र ज्ञानरुपी धन कति गहिरो छ। उहाँका न्यायहरू कति अथाह छन् र उहाँका मार्गहरू कति अगम्य। किनकि कसले पो

उहाँको मन जानेको छ र ? अथवा को पो उहाँको सल्लाहकार भएको छ र ?" (रोमी ११:३३,३४) भजन लेखकले परमेश्वरको ज्ञानको बारेमा आफ्नो विचार लेख्ने क्रममा भनेका थिए, "उहाँको समझ असीमित छ" (भजनसंग्रह १४७:५)।

परमेश्वरको नजरदेखि केही पनि छिपेको हुँदैन। "अनि सृष्टिको कुनै वस्तु उहाँको नजरबाट छिपेको छैन। तर जसलाई हामीले हिसाब बुझाउनु छ, उहाँका आँखाको सामु सबै थोक नाङ्गा र खुला छन् " (हिब्रू ४:१३)। "... जसले मलाई देख्नुहुन्छ ?" (उत्पत्ति १६:१३)।

परमेश्वरले बिर्सन चाहनुभएको थोक अर्थात येशू ख्रीष्टमाथि विश्वास गर्नेहरूका पापहरू बाहेक उहाँले अन्य कुनै थोक बिर्सनु हुन्न (हिब्रू ८:१२)।

परमेश्वर नै सर्वोच्च हुनुहुन्छ। "हे परमप्रभु, महान्ता, सामर्थ्य, महिमा, विजय र प्रताप तपाईंकै हुन्। हे परमप्रभु, राज्य तपाईंकै हो, र तपाईं नै सबैमाथि शिर भईकन सबैभन्दा माथि उचालिनुभएको छ। अँ, धन र मान तपाईंबाट आउँछन्। तपाईं सबैमाथि राज्य गर्नुहुन्छ। अनि तपाईंको हातमा शक्ति र सामर्थ्य छन्। अनि महान् तुल्याउन र सबैलाई शक्ति प्रदान गर्न तपाईंको हातमा छ" (१ इतिहास २९:११,१२)। "हे परमप्रभु, हाम्रा पिता-पुर्खाका परमेश्वर, के तपाईं स्वर्गमा हुनुहुने परमेश्वर हुनुहुन्न र ? अनि के तपाईं जाति-जातिका सबै राज्यहरूमाथि शासन गर्नुहुन्न र ? अनि के तपाईंको हातमा शक्ति र सामर्थ्य छैन र जसले गर्दा कसैले पनि तपाईंको सामना गर्न सक्दैन ?" (२ इतिहास २०:६)।

परमेश्वर सारा सृष्टिभन्दा उच्च हुनुभएको हुनाले उहाँ सार्वभौम पनि हुनुहुन्छ (भजनसंग्रह १३५:६)। यसको अर्थ हो— परमेश्वर जे

चाहनुहुन्छ, सो गर्न सक्नुहुन्छ । “हाम्रा परमेश्वर स्वर्गमा हुनुहुन्छ, उहाँलाई जे इच्छा लाग्यो, त्यही उहाँले गर्नुभएको छ” (भजनसंग्रह ११५:५) । उहाँका आशयहरू वा उहाँका कार्यहरू बारेमा सोध्ने अधिकार कोहीसित पनि छैन। “... उहाँले स्वर्गको सेनाको बीचमा र पृथ्वीका बासिन्दाहरूका बीचमा आफ्नै इच्छाअनुसार काम गर्नुहुन्छ। अनि कसैले उहाँको हात रोक्न सक्दैन, न त उहाँलाई तपाईंले के गर्दै हुनुहुन्छ भन्न सक्दछ” (दानियल ४:३५)। परमेश्वरले जे पनि गर्नुहुन्छ, उहाँले न्यायिक र ठीक गर्नुहुन्छ, त्यसकारण उहाँको विरुद्धमा गुनासो गर्ने जायज कारण केही पनि रहँदैन । “सबैभन्दा उच्च सृष्टिभन्दा पनि असीमित रुपमा उहाँ उच्च हुनु भएकोले उहाँ स्वर्ग र पृथ्वीकै सर्वोच्च परमप्रभु परमेश्वर हुनुहुन्छ। उहाँ कसैको अधीनमा हुनुहुन्न। कोहीद्वारा पनि प्रभावित हुनुहुन्न । उहाँ पूर्णतः निरपेक्ष हुनुहुन्छ । उहाँलाई जस्तो इच्छा लाग्दछ, त्यही गर्नुहुन्छ। उहाँलाई इच्छा लागेमा मात्रै, वा जुन बेला उहाँलाई इच्छा लाग्दछ, त्यस बेला मात्रै उहाँ आफ्नो कार्य गर्नुहुन्छ। उहाँलाई विफल तुल्याउन सक्ने कोही पनि छैन। कसैले पनि उहाँलाई अवरोध गर्न सक्दैन।”

परमेश्वर अपरिवर्तनशील हुनुहुन्छ । “अनि इस्राएलका शक्तिशाली जन झुट बोल्नुहुन्न, न आफ्नो मन बदल्नुहुन्छ। किनभने उहाँचाहिँ मानिस हुनुहुन्न, जसले आफ्नो मन बदल्छ”(१ शमूएल १५:२९) । उहाँ आफ्नो प्रतिज्ञा फिर्ता लिनुहुन्न । “परमेश्वर मानिस हुनुहुन्न, यसैले उहाँ झुट बोल्नुहुन्न । न त उहाँ मानिसको सन्तान नै हुनुहुन्छ, यसैले उहाँ पछुतो गर्नुहुन्न । के उहाँले भन्नुभएपछि सो गर्नुहुन्न र ? अनि बोल्नुभएपछि त्यो पूरा गर्नुहुन्न र ?” (गन्ती २३:१९) । “किनभने म परमप्रभु हुँ, म बदली हुँदिनँ । यसैले हे

याकूबका छोराहरू हो, तिमीहरू नाश भएनौं" (मलाकी ३:६)। "हरेक असल दान र हरेक सिद्ध दान माथिबाटको हो, अनि ज्योतिहरूका पिताबाट तल आउँछ, जससँग कुनै अदल–बदल छैन, न त परिवर्तनको छाँया छ" (याकूब १:१७)।

परमेश्वर पूर्णतः पवित्र हुनुहुन्छ। उहाँ पापदेखि घिनाउनु हुन्छ। उहाँले पापलाई न त अनुमोदन नै गर्नुहुन्छ न त्यसलाई दण्ड नदिई रहन सक्नुहुन्छ। "परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा अन्धकार छँदै छैन" (१ यूहन्ना १:५)। "...सेनाहरूका परमप्रभु पवित्र, पवित्र, पवित्र हुनुहुन्छ। सम्पूर्ण पृथ्वी उहाँको महिमाले भरपूर छ" (यशैया ६:३)। "तपाईंका आँखाहरू यति शुद्ध छन् कि तपाईंले दुष्टता हेर्नै सक्नुहुन्न, र अधर्म देख्नै सक्नुहुन्न..." (हबकुक १:१३)।

परमेश्वरले कलवरीको क्रूसमा पापप्रति गर्नुभएको व्यवहारले उहाँको अवर्णनीय पवित्रता झल्काउँदछ। कुनै पापी मानिस आफ्नो पापले गर्दा क्रूसमा टाँगिएर मर्नुमा केही प्रश्न हुँदैनथ्यो तर अरुहरूका पापको खातिर परमेश्वरका निष्कलङ्क पुत्र क्रूसमा मर्नुचाहिँ कारण थियो। परमेश्वरले उहाँका विरुद्धमा पाप गर्नेहरूमा आफ्नो क्रोध खन्याउनै पर्दथ्यो भन्ने कुरा हामीले बुझेका छौं। तर उहाँका पुत्रले अरुहरूका पापहरू आफैमाथि खिच्नु पर्ने अवस्थामा परमेश्वरले कस्तो सोच राख्नुभयो होला ? उहाँले आफ्नो प्यारो पुत्रलाई सजाय दिनुहुन्थ्यो कि ? हामीलाई यसको जबाफ थाहा छ। परमेश्वरको पवित्रता अति महान् भएकोले येशू ख्रीष्ट पापीहरूका सट्टामा मुक्तिदाताको रुपमा क्रूसमा मर्दै गर्नुहुँदा परमेश्वरले उहाँलाई तीन घण्टासम्म त्याग्नुभयो। यस्तो पवित्रताको गहिराइ हामीमध्ये कसले पो बुझ्न सकौंला र ?

परमेश्वरको महान्ता उहाँ सर्वशक्तिमान हुनुहुन्छ भन्ने यथार्थमा पनि झल्किन्छ। "सामर्थ्य परमेश्वरकै हो " (भजनसंग्रह ६२:११)। सृष्टिमा उहाँको सामर्थ्य झल्किन्छ। आकाशका विशाल तारापुञ्जहरूलाई कुनै पनि मानिसले लेखाजोखा गर्न सक्दैन। "जब म तपाईंको आकाशलाई विचार गर्दछु, जो तपाईंको औँलाहरूको काम हो, अर्थात जून र ताराहरू, जसलाई तपाईंले नियुक्त गर्नुभयो। तब मानिस के हो, र तपाईं ऊप्रति ध्यान राख्नुहुन्छ? अनि मानिसको सन्तान के हो, र ऊमाथि दृष्टि लगाउनुहुन्छ ?" (भजनसंग्रह ८:३,४)। ग्रहहरू, मानव जाति, प्राणी जगत, वनस्पति जस्ता यावत थोकहरू स्थिर रहनुमा पनि परमेश्वरको सामर्थ्य देखिन्छ। जब परमेश्वरले प्रभु येशू ख्रीष्टलाई मृतकदेखि पुनरुत्थान गराउनुभयो, त्यस समयमा उहाँको सामर्थ्यको विशाल प्रदर्शन भयो। "... जुन सामर्थ्य उहाँले ख्रीष्टमा काममा ल्याउनुभयो, जब उहाँले मरेकाहरूबाट बौराएर उठाउनुभयो" (एफिसी १:१९,२०)।

परमेश्वर विश्वासयोग्य हुनुहुन्छ (१ कोरिन्थी १:९)। परमेश्वर कहिल्यै पनि आफ्नो प्रतिज्ञामा चुक्नुहुन्न। उहाँमाथि भरोसा राख्नेहरू कहिल्यै पनि निराश हुनुपर्दैन। परमेश्वर आफ्नो वचनमा अडिग हुनुहुन्छ, त्यसकारण उहाँमा विश्वास गरेपछि पछुतो गर्नु असम्भव हुन्छ। "परमप्रभुका करुणाहरूको कारणले हामी नष्ट भएनौं। किनकि उहाँका कोमल कृपाहरूको अन्त हुँदैन। हरेक बिहान ती नयाँ–नयाँ हुन्छन्। तपाईंको विश्वासयोग्यता महान् छ" (विलाप ३:२२,२३)।

परमेश्वर भलो हुनुहुन्छ (नहूम १:७)। उहाँको भलाइ सबैकहाँ फैलिएको छ। परमेश्वरले सबै मानिसहरूलाई उनीहरूका आफ्ना

पापका खातिर नाश हुन दिनुभएकै भए पनि उहाँको भलाइमाथि त्यसले केही फरक पार्ने थिएन । “मेरो आफ्नो चीजसित, मलाई जे इच्छा लाग्छ, त्यही गर्न के मेरो लागि उचित छैन र ? म असल भएकोमा के तिम्रो आँखा जल्छ ?” (मत्ती २०:१५)।

परमेश्वर धिरजी र सहनशील हुनुहुन्छ (रोमी २:४) । खराबीलाई भलाइमा परिवर्तन गर्नलाई मात्रै उहाँले विश्वासघातीहरू र सन्देहवादीहरूका आक्रमणलाई सहिरहनुभएको छ।

परमेश्वर दयालु हुनुहुन्छ । “किनकि तपाईंको करुणा यति महान् छ कि आकाशसम्म पुग्छ । अनि तपाईंको सत्यताचाहिँ बादलहरूसम्म पुग्छ” (भजनसंग्रह ५७:१०) । “किनकि पृथ्वीमाथि आकाश जति उच्च छ, उहाँको डर मान्नेहरूप्रति उहाँको करुणा पनि उत्ति नै महान् छ” (भजनसंग्रह १०३:११)।

परमेश्वरको प्रेम अनन्त छ (एफिसी ३:१८,१९)। परमेश्वरको प्रेम असीमित छ। यसको न त चौडाइ छ, न लम्बाइ छ, न गहिराइ छ, न उचाइ नै छ। अति उच्च मूल्य चुकाउने प्रेम नै परमेश्वरको प्रेम हो । कलवरीको क्रूसमा “परमेश्वर प्रेम हुनुहुन्छ” भन्ने कुरा पूरापूर थाहा पाउँदछौं। परमेश्वरको प्रेम पक्षपातरहीत, विश्वव्यापी, र स्वार्थहीन हुन्छ । कुनै पनि थोकले उहाँका आफ्ना जनहरूलाई उहाँको प्रेमदेखि अलग पार्न सक्दैन (रोमी ८:३५–३९)।

परमेश्वर अति महान् हुनुभएकोले उहाँका सृष्टिहरूले उहाँलाई कहिल्यै पनि पूर्ण रुपमा बुझ्न सक्दैनन्। “के तिमीले खोजतलास गरेर परमेश्वरलाई पत्ता लगाउन सक्छौ? के तिमीले सर्वशक्तिमान्लाई पूर्ण रुपले भेट्टाउन सक्छौ ? यो त स्वर्ग जत्तिकै उच्च छ। तिमीले के गर्न सक्छौ र ? यो त अधोलोकभन्दा गहिरो छ। तिमीले के पो जान्न

सक्छौ र ? यसको नाप पृथ्वीभन्दा लामो छ र समुद्रभन्दा चौडा छ" (अय्यूव ११:७-९)।

परमेश्वर मानिसको सोचभन्दा पनि महान् हुनुहुन्छ। "उहाँको महान्ताको आङ्कलन गर्न सकिन्न ...उहाँ सबै भाषाभन्दा महान् हुनुहुन्छ। अनि कुनै पनि वाक्यद्वारा उहाँको वर्णन गर्न सकिँदैन। हामीले उहाँका बारेमा यति मात्र सोच्न सक्दछौं कि उहाँ अस्तित्वमा हुनुहुन्छ र उहाँका गुणहरू (Attributes) तथा महान्ता (Greatness) हाम्रो समझ-शक्ति वा विचारभन्दा पनि पर छन्।" - नोभाटिन

यस्तो महान् परमेश्वरले आफ्नो एक मात्र पुत्रलाई पापी पुरुष तथा स्त्रीका निम्ति दुःख भोग्न, रगत बगाउन र मर्न पठाउनमा रुचि लिनुभएको कुरा चाहिँ उदेकलाग्दो छ।

मेरो लुक्ने स्थान

(क्रान्तिकारी युद्धताका फाँसी दिइएको समयमा मेजर आन्द्रेको गोजीमा निम्न पद्यांशहरू (Verses) भेटिएका थिए।)

"स्वागत छ, सार्वभौम प्रेमलाई,
हो, यही प्रेमले प्रथमतः पतित मनुजलाई उद्धार गर्ने
योजना बुन्न लाग्यो
स्वागत छ, अनुपम, स्वतन्त्र र अनन्त अनुग्रहलाई,
हो, यही अनुग्रहले मेरो आत्मालाई
लुक्ने स्थान दियो
आकाश बनाउने परमेश्वर विरुद्ध
युद्ध गरें उठाइ आकाशतिर

यी हातहरू—उपहास गरें
अनुग्रहको त्यो कथनलाई,
भएँ खुब आडम्बर – नखोजूँ भनी लुक्ने स्थान।

अँध्यारो मिश्री रातमा लपेटिएँ,
अनि ज्योतिभन्दा बरु अन्धकार रुचाएँ
भई पागलसरि दौडिरहें पापमय दौड,
सुरक्षित हुन खोजें—नखोजी लुक्ने स्थान

तर अनन्त परामर्शले सन्देश
ल्यायो यसरी : विशाल प्रेमले
गाँजेछ त्यस मानिसलाई बेस्सरी
अनुभूति गरें—वेचैनीका वाणहरू,
अनि, पाइनँ कही पनि लुक्ने स्थान।

कुपित न्याय ठिङ्ग उभियो प्रत्यक्ष गरी,
सिनाइको अग्नीयम चुचुरातिर उडें,
तर गऱ्यो चित्कार न्यायले
देखाई क्रुद्ध मुहार,
होइन रहेछ, त्यो पर्वत पनि लुक्ने स्थान

उहिले स्वर्गको आवाज सुनेथिएँ मैले,
अनि, दयाको दूत प्रकटभयो झटपट,
डोऱ्याउँदै मलाई चम्किलो मुहार लिई,
येशू नै हुनुहुन्छ—लुक्ने स्थान भनी

बर्स्यो उहाँमाथि भयङ्कर प्रतिशोध,
संसारलाई नरकमा डुबाउनेको खातिर
उहाँले पापी जातिको निम्ति
बोक्नुभयो त्यो प्रतिशोध,
अनि यसरी बन्नुभयो उहाँ
पापीहरूका लुक्ने स्थान

सात गुणा हुरीहरू मडारिऊन् गर्जनका,
र एक ध्रुवदेखि अर्को ध्रुव गरी धरती नै हल्लाऊन्,
मेरो मुहारमा चट्याङ्को त्रास छाउने छैन,
कारण येशू ख्रीष्ट मेरो लुक्ने स्थान हुनुहुन्छ।"

मानिसको पापमय अवस्था
(The Sinfulness of Man)

परमेश्वरको अनुग्रह बुझ्नको निम्ति उहाँका बारेमा असल कुराहरू मात्रै जानेर पुग्दैन तर हामीले मानिसको पापमय अवस्था बारेमा बुझ्न पनि त्यतिकै महत्त्वपूर्ण हुन्छ । हामीले परमेश्वरका विषयमा सोचेका कुराहरू फगत मानवीय विचार भएझैं हामीले मानिसका विषयमा सोचेका कुराहरू पनि फगत ईश्वरीय विचार मात्रै हुन् । बाइबलले मानिसको विषयमा अत्यन्तै अँध्यारो तस्बिर प्रस्तुत गर्दछ । अनि यदि हामी आफ्नो विषयमा इमान्दार हुने हो भने बाइबलले प्रस्तुत गरेको मानव तस्बिरले जीवनको यथार्थ चित्रण गर्दछ भनी हामीले स्वीकार गर्नुपर्ने हुन्छ ।

मानिस ईश्वरहीन पापी हो । मानिसमा जन्मैदेखि पापी स्वभाव हुन्छ । ऊ "आमाको गर्भदेखि नै भड्किएको हुन्छ ।" मानिस जन्मेदेखि नै परमेश्वरबाट तर्केर जान्छ र झूटो बोल्दछ (भजनसंग्रह ५८:३) । मानिसलाई शैशवकालमा नराम्रो कार्य गर्न सिकाउनु पर्दैन । उसले त स्वाभाविक रुपमै नराम्रो कार्य गर्दछ । तर राम्रो कार्य गर्न भने उसलाई जीवनभरि सिकाइरहनु पर्दछ (हितोपदेश २२:१५) ।

मानिस जन्म र व्यवहारले पापी हुन्छ (रोमी ३:२३) । मानिस

आफैमा जे हो र उसको व्यवहारले जे गर्दछ, ती दुवै बराबर पाप हुन्। मानिस आफूले गरेको कार्यभन्दा पनि ऊ आफैमा जे हो, त्योचाहिँ झन् बढी खराब हुन्छ। मानिसभित्र भ्रष्टताको खाडल, अधर्मको नरक, अनि पापको रछान हुन्छ।

उसका विचाररुपी जीवन छर्लङ्ग हुँदैन (मत्ती १५:१९)। उसले आफ्नो अन्तरमनका विचारहरू अभिलेख गरेर पुस्तक प्रकाशन गर्दैन। त्यस्ता कुरालाई पुस्तकको रुपमा छाप्नु कानून विरुद्ध हुन जान्छ। गत हप्तादेखि मभित्र यस्तो दुष्ट विचार छ भनी पोष्टर बोकेर एक घण्टासम्म पनि वर-परतिर घुमफिर गर्न रुचाउँदैन।

शताब्दियौंदेखि मानिसहरूले आ-आफ्ना हृदयका कुरुपता प्रकट गर्दै सार्वजनिक भवनहरूका पर्खालहरूमा आफ्ना दुष्ट विचारहरू लेख्दै आइरहेका छन्।

मानिस आफैमा जे हो र उसले आफूलाई अरुले यस्तो सोचिदेओस् भनी चाहेको कुराको बीच हरेक मानिसभित्र विशाल अन्तर भेटिन्छ। उसले अरुले आफ्नो वास्तविकता बुझेका मन पराउँदैन। त्यसकारण ऊ भ्रामक आवरण पहिरिन्छ। ऊ वास्तवमा जे हो, त्यही नै उसको मानवता हो। अनि मानिसहरूले आफूलाई यस्तो सोचिदिऊन् भन्ने ऊभित्रको चाहनाचाहिँ उसको व्यक्तित्व हो। यसकारण मानिस ढाँगी हुन्छ। भनिन्छ, 'अँध्यारोमा मानिस जे हो, उसको वास्तविकता त्यही नै हो।' परमेश्वर भन्नुहुन्छ, "मानिसहरूले ज्योतिलाई भन्दा अँध्यारोलाई प्रेम गरे किनकि उनीहरूका कार्यहरू दुष्ट थिए" (यूहन्ना ३:१९)।

जब मानिसले अरुहरूभित्र दोष, कमजोरी, वा पाप देख्दछ, उसका निम्ति ती कुराहरू अत्यन्तै घृणाजनक र अस्वीकार्य

लाग्दछन्। तर जब ऊ आफैले त्यस्तै कर्म गर्दछ, उसलाई त्यो कार्य त्यति नराम्रो लाग्दैन। "ए मानिस, तिमीले यस्ता काम गर्नेहरूलाई दोष लगाउँछौ, र आफै पनि त्यही काम गर्दछौ भने, के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्दछौ?" (रोमी २:३)।

पापको यस्तो दोषचाहिँ मानिसमा बुबा र आमादेखि जन्मेका सम्पूर्ण मानिस जातिमै लागू हुँदछ। "धर्मी कोही छैन, एउटै पनि छैन। बुझ्ने कोही पनि छैन। परमेश्वरलाई खोज्ने कोही छैन। तिनीहरू सबै बाटोदेखि भड्किएका छन्, तिनीहरू एकैसाथ बेकम्मा भएका छन्, असल गर्ने कोही छैन, एउटै पनि छैन। तिनीहरूको घोक्रो खूला चिहान हो, तिनीहरूले आफ्ना जिब्राले छल गरेका छन्। तिनीहरूका ओठमुनि काला साँपहरूको विष छ" (रामी ३:१०-१३)।

पापले सारा मानव जातिलाई असर मात्र पारेको छैन, यसले त मानिसको घाँटी, जिब्रो, ओठ, मुख, खुट्टा, र आँखा आदि हरेक अङ्गमै असर पारेको छ। "जसको मुख श्राप र तीता कुराले भरिएको छ। रगत बगाउनलाई तिनीहरूका खुट्टा फुर्तिला छन्। तिनीहरूका बाटोमा विनाश र विपत्ति छन्। अनि शान्तिको बाटो तिनीहरूले जानेका छैनन्। तिनीहरूका सामु परमेश्वरको डर छैन" (रोमी ३:१४-१८)।

मानिसले परमेश्वरको विरुद्धमा, छिमेकीको विरुद्धमा र आफ्नै विरुद्धमा पाप गर्दछ।

आफ्नो परमेश्वरको आराधना गर्नुभन्दा पनि उसले मूर्तिहरू बनाएर र ती मूर्तिहरूका सामु दण्डवत गरेर परमेश्वरको अपमान गर्दछ। मानिसका ईश्वरहरू भनेका मानिस, चराचुरुङ्गी, चार खुट्टे पशुहरू र घस्रने जन्तुहरूका स्वरुपहरू हुन् (रोमी १:२३)।

परमेश्वरप्रति जीवनको निम्ति, खाना, नाना, र छानाको निम्ति धन्यवादी हुनुको साटो मानिसले परमेश्वरलाई नै सराप्दछ। उसले पोपको, राष्ट्रपतिको वा राजकुमारको नाममा कसम खाँदैन बरु आफ्नो परमप्रभु परमेश्वरको नाम पो व्यर्थमा लिन्छ (प्रस्थान २०:७)। ऊभित्र परमेश्वरप्रति प्रेमपूर्ण श्रद्धा हुनुको साटो उहाँको विरुद्धमा पुरानो शत्रुताका भावनाहरू पो मौजुद भइरहेका हुन्छन्। उहाँ त्यति बेला मात्र खुशी हुनुहुन्छ, जुन बेला मानिसले उहाँलाई सम्झन्छ। अनि परमेश्वर त्यस बेला दुःखी हुनुहुन्छ, जुन बेला मानिसले उहाँलाई भुल्दछ।

मानिसले परमेश्वरको विरुद्धमा पाप मात्रै गरेको छैन, उसले त आफ्नै जातिहरूका विरुद्धमा पनि पाप गरेको छ। मानिस दुष्टपूर्ण आनन्दमा मात्रै भुल्दैन, ऊ त अरुहरूलाई त्यसैमा लाग्न पनि प्रोत्साहन दिँदछ। "यस्ता यस्ता काम गर्नेहरू मृत्यूदण्ड पाउन लायकको हुन्छन् भन्ने परमेश्वरको न्याय जानी-जानीकन पनि तिनीहरू ती काम नै गर्छन्। त्यो मात्र होइन, तर यस्ता काम गर्नेहरूसँग तिनीहरू खुसी पनि हुन्छन्" (रोमी १:३२)। "किनभने केही खराबी नगरेसम्म तिनीहरू सुत्दै सुत्दैनन्। अनि कसैलाई ठेस नखुवाएसम्म तिनीहरूलाई निन्द्रै लाग्दैन" (हितोपदेश ४:१६)।

मानिस स्वार्थी हुन्छ। जहिले पनि ऊ पहिलो हुन्छ। ऊ आफ्नै इच्छाअनुसार चल्नुपर्दछ। आफ्ना शारीरिक अभिलाषाहरू पूरा गर्न ऊ व्यभिचार, अनैतिक यौन, घृणित यौनिक व्यवहारका अन्य तरिकाहरू मार्फत अरुहरूलाई पनि भ्रष्ट तुल्याउँदछ। आफ्ना उद्देश्य पूरा गर्न झूट बोल्दछ। उसलाई भरोसा गर्न सकिन्न। "नाकमा सास भएको मानिसलाई छोडिदेऊ किनकि त्यसको मुल्य के पो छ र ?"

(यशैया २:२२)। जसले मानिसमाथि भरोसा राख्दछ, ऊ श्रापित हुन्छ (यर्मिया १७:५)।

अरुहरूमाथि विपति आइपर्दा ऊ रमाउँदछ। अनि आफूलाई विपतिले केही असर नपारेकोमा पनि रमाउँदछ। ऊ आफ्नो छिमेकीमाथि आफ्नो क्रोध र घृणा प्रकट गर्दछ। ऊ आफूसित भन्दा बढी भएका मानिसहरूको डाह गर्दछ अनि अरुहरूका थोकहरू चोर्न दाउ रच्दछ।

यदि मानिसले आफूभन्दा अझै धार्मिक कुनै मानिस भेट्यो भने ऊ के गर्छ त ? के उसले आफ्नो जीवन अझै उच्च स्तरमा पुऱ्याउन खोज्ला त ? बरु उल्टै ऊ त धार्मिक जीवन देखाउनेलाई सिध्याउनतिर पो लाग्दछ (यूहन्ना ३:१९,२०)।

उसले परमेश्वरको विरुद्धमा मात्रै होइन तर आफ्नै छिमेकी विरुद्धमा पनि पाप गर्दछ अन्ततः आफ्नै विरुद्धमा पनि पाप गर्दछ। उसले आफ्नै शरीरलाई पनि मादकपदार्थ, अनैतिकता, र फुर्मासीद्वारा बिगारिरहेको हुन्छ। उसले आफूसित भएका प्रतिभाहरू खेर फाल्दछ अनि आफ्ना सम्पतिहरू पनि उडाउँदछ। ऊ बुद्धिमान परामर्शलाई अस्वीकार गर्दछ भने आफ्नो असल मित्रलाई छोडिदिन्छ। आफ्नो सबैभन्दा खराब शत्रु आफै रहेछु भनी यदि उसले यति मात्रै थाहा पाइदिएको भए असल हुनेथियो।

मानिसले अनुग्रह देखाउनुहुने परमेश्वरको विषयमा सोच्न चाहदैन। "अनुग्रह भनेको क्षमा पाउने व्यक्तिदेखि परमेश्वरद्वारा केही माग नराखिकन वा केही पनि अपेक्षा नगरिकन प्रत्येक पापको पूर्ण र निशुल्क क्षमादान भन्ने हुन्छ। अनि अनुग्रहचाहिँ मानिसका सम्पूर्ण विचार र चालचलनभन्दा विलकुल फरक एउटा सिद्धान्त हो। अनुग्रह

मानिसको सोचभन्दा बाहिरको कुरा भएको हुँदा उसले अनुग्रहलाई रुचाउँदैन। मानिसको आफ्नै हृदयले चाहिँ प्रायः थाहा नपाउने गरी अनुग्रहलाई अन्यायको संज्ञा दिइरहेको हुन्छ । ऊ अनुग्रहअनुसार चल्दैन र उहाँचाहिँ अनुग्रह गर्नुहुने परमेश्वर हुनुहुन्छ भनी सोच्न पनि चाहदैन।"—जे.एन. डार्बी

मानिसको पापमय अवस्थाबारे बुझाउन बाइबलमा विविध उदाहरणहरू प्रस्तुत गरिएका छन् । उदाहरणको रुपमा लिऔं, मानिसलाई कुष्टरोगीसित तुलना गरिएको छ (मत्ती ८:२) । अनि मानिसको अवस्थाचाहिँ दयनीय, निको नहुने, संक्रामक अवस्था छ। मानिसलाई पक्षघाती (यूहन्ना ५:५), बहिरो (मर्कूस ७:३२), लाटो (मर्कूस ९:१७), अन्धो (यूहन्ना ९:पुरै) अनि अधर्म र पापमा मरेको (एफिसी २:१०) को रुपमा वर्णन गरिएको छ। मानिस पापी छ, प्रदुषित छ, असहाय छ अनि नरकको योग्य छ।

मानिसको पापको पराकाष्ठा दुई हजार वर्ष अगाडि छताछुल्ल भयो । जब परमेश्वर येशू ख्रीष्ट बनेर यस संसारमा आउनुभयो, मानिसहरूले सदैव सिद्ध जीवन जिउने व्यक्ति मसिहतिर आफ्नो नजर लाए। यद्यपि, उनीहरूले येशू ख्रीष्टलाई सहन सकेनन्। उहाँ चोर्न, मार्न र नाश पार्न आउनुभएको थिएन तर जीवन दिन र त्यो जीवन प्रशस्त मात्रामा दिन आउनुभएको थियो (यूहन्ना १०:१०) । तापनि, आफ्नै हातद्वारा सृष्टि गरिएका मानिसहरूले यसो भन्दै उहाँविरुद्ध नारा लगाए, "...हकवाला यही हो । आओ, यसलाई मारौं र हकको सम्पत्ति हाम्रो होओस्" (लूका २०:१४)। अनि उहाँ कलवरीको क्रूसमा व्यभिचारीहरू, मद्यपेयीहरू, झूटा बोल्नेहरू, चोरहरू र हत्याराहरू जस्ता पापीहरूका विद्रोही पुस्ताका निम्ति मर्नुभयो।

के तपाईं कुनै जँड्याहको निम्ति मर्नुहुन्छ र ?
तर उहाँ त मर्नुभयो

साँच्चिकै भन्नुपर्दा, मानिस त नरक जान योग्य छ। मानिसमाथि परमेश्वरको दया वा प्रेम रहनुपर्ने एउटै पनि थोक मानिसभित्र छैन। परमेश्वरले मानिसलाई आशिष दिनैपर्ने कारण पनि केही छैन। मानिस अशुद्ध छ। सजायबाहेक अरु कुनै कुराको योग्य छैन—ऊ। यस्तो हुँदाहुँदै पनि परमेश्वरले आफ्नो एक मात्र पुत्रलाई पापी मानिसहरूको साटोमा मर्न पठाउनुभयो। हो, यो नै अनुग्रह हो।

यस कुराले प्रत्येक व्यक्तिलाई यस्तो उद्‌गार गर्न लगाउँदछ :
"अरे, म को हुँ र मेरो खातिर
मेरो प्रभुले दुर्बल देह लिनुपर्ने र मर्नुपर्ने"

अचम्मको अनुग्रह

"मुक्तिदाताको रगतमा
रुचि राख्नु पर्दैन र मैले ?
उहाँ मेरै निम्ति मर्नुभयो,
के उहाँलाई पीडा गराएको मैले होइन र?
मेरै खातिर के उहाँ मृत्युसम्म पुग्नुभएन र ?
कस्तो अचम्मको प्रेम, मेरो निम्ति मेरा परमेश्वर मर्नुपर्ने
कसरी हुन सक्छ र ?

छोडी आफ्नो पिताको सिंहासन स्वर्गमा,
उहाँको अनुग्रह नितान्त सित्तैं, अनि नितान्त अनन्त,
अनि प्रेमको कारण केवल

रित्याई पूर्णतः आफूलाई,
अनि बहाउनुभयो रगत
आदमका निसहाय पुस्ताका खातिर,
सबैका लागि यो कृपा छ विशाल अनि सित्तैं,
किनकि हे परमेश्वर, तपाईंकै कृपामा त म भेटिएँ।

डराउनु परेन म दण्डाज्ञादेखि अब
येशू, अनि उहाँमा नै भए
सबै थोक मेरा बाँचेको छु उहाँमा, अनि
उहाँ नै मेरा जीवित शिर,
अनि ईश्वरीय धार्मिकताले भइकन सुशोभित
अनि निर्भय पुग्दछु अनन्तको सिंहासननेर
र, गर्दछु दावी ख्रीष्टद्वारा मुकुट यी हुन् मेरा भनी।"

–चार्ल्स वेस्ली

मानिसप्रति परमेश्वरको भलाइ
(God`s Goodness to Man)

मानव जातिको सृष्टि हुनु धेरै पहिले मानिसप्रति परमेश्वरको अनुग्रह शुरु भयो । ईश्वरीय पूर्वज्ञानअनुसार परमेश्वरले सृष्टि, मानिसको पतन, मानव जातिलाई मुक्तिको विराट आवश्यकता हुनेछ भनी छर्लङ्ग देख्नुभएको थियो। गहन अनि अनन्त परामर्शमा मानवीय कोरा कल्पनाभन्दा पर मानिस जातिलाई आशिष दिन परमेश्वरले आफ्ना योजनाहरू विस्तार गर्नुभयो ।

१. संसारको रचना भएदेखि नै थुमा मारियो (प्रकाश १३:८)।
२. संसारको रचना हुनुअघि नै हामीलाई चुन्नुभयो (एफिसी १:४)।
३. संसारको सृष्टि हुनुअघि नै अनन्त जीवनको प्रतिज्ञा गरिएको थियो (तीतस १:२)।
४. संसारका रचना भएदेखि नै यस संसारमा परमेश्वरको राज्य तयार गरियो (मत्ती २५:३४)।

त्यसपछि परमेश्वरले मानिस जातिलाई आफ्नै स्वरुप र सक्कलमा सृष्टि गर्नुभयो (उत्पत्ति १:२६) । सृष्टिकै उत्तम सृष्टि थियो—आदम । आदमलाई पृथ्वीमा भएका यावत थोकमाथि अधिकार गर्न दिइयो (उत्पत्ति १:२८) । परमेश्वरको निजी

प्रतिनिधिको रुपमा यस पृथ्वीमा आदमलाई नियुक्त गरिएको थियो।

परमेश्वरले मानव जातिलाई यस्तो एउटा सिद्ध वातावरणमा राख्नुभयो, जहाँ उसका आवश्यकताहरू पूर्ति गर्न र उसका इच्छाहरू तृप्त पार्न सबै थोक उपलब्ध थिए (उत्पत्ति २:८)। ऊदेखि असल कुरा केही पनि बञ्चित गरिएको थिएन।

परमेश्वरको भलाइचाहिँ बीऊ-बिजन समय र कटनी ऋतु, चिसो र तातो हावापानी, गृष्म र शरद ऋतु, दिन अनि रातको नियमित चक्रमा प्रकट भएको थियो (उत्पत्ति ८:२२) । विविध किसिमका खाने कुराहरूमा पनि परमेश्वरको कृपा प्रकट भएको देखिन्छ। उहाँले खाने कुराहरू अत्यन्तै उदारतासाथ उपलब्ध गराउनुभयो। मानिसको मन बहलाउन उहाँले सृष्टि गर्नुभएका थोकमा पनि उहाँको भलाइ देखिन्छ।

परमेश्वरको अनन्त भलाइको बाबजुद पनि मानिस पापमा फस्यो (उत्पत्ति ३:६) । मानिसले परमेश्वरतिर आफ्नो पिठ्यूँ फर्कायो। उसले परमेश्वरको आज्ञा उल्लङ्घन गऱ्यो। परमेश्वरले मानिस जातिलाई भलाइ हुने थोक दिनदेखि बञ्चित गरिरहनुभएको छ भन्ने शैतानको कुरामा उसले विश्वास गऱ्यो (उत्पत्ति ३:१)।

के त्यसले मानिसप्रति परमेश्वरको करुणाको प्रवाह रोक्दथ्यो र ? फन् उल्टै, परमेश्वरले त आदम र हब्बाको नाङ्गोपन ढाकिदिन गजबको प्रवन्ध पो गरिदिनुभयो (उत्पत्ति ३:२१) । अनि, उहाँले मानिसको शत्रु शैतानलाई नाश पार्ने मसीह आउनेवाला हुनुहुन्छ भनी प्रतिज्ञा पनि दिनुभयो (उत्पत्ति ३:१५)।

पुरानो नियम त परमेश्वरका विश्वासघाती मानिसहरूप्रति उहाँको अचूक दयाको अभिलेख हो । परमेश्वरले अब्राहाम र

दाउदसित करार बाँध्नुभयो। उदाहरणको रुपमा, उहाँले ख्रीष्ट येशूको आगमन र उहाँको कार्यद्वारा अब्राहाम र दाऊदका सन्तानहरूप्रति दया देखाउन निशर्तः प्रतिज्ञा गर्नुभयो (उत्पत्ति १५:५; २ शमूएल ७:१६)। उहाँले उनीहरूलाई खुवाउनुभयो, अगुवाइ गर्नुभयो, सुरक्षा दिनुभयो, र उनीहरूलाई असिमित आशिष दिनुभयो।

उहाँका आफ्ना जनहरूले त्यस कृपाको बदला अविश्वास देखाए, मूर्तिपूजा गरे, गनगन गरे, अनैतिकतामा होमिए अनि अधन्यवादी भए।

त्यस्तो वैगुनी र घोर विरोधको प्रवाह नगरी परमेश्वरले आफ्ना जनहरूका निम्ति अगमवक्ताहरू पठाउनुभयो। उनीहरू परमेश्वरका मुखपात्रका रुपमा बोल्दथे । उनीहरू परमेश्वरबाट सिधैं सन्देश ल्याउँदथे । परमेश्वरले बोल्नुभएका वाणीहरू उनीहरूका सन्देश हुन्थे। मानिसहरूले अगमवक्ताहरूलाई कुटे, ढुङ्गाले हाने, खाडलमा हुत्याए, अनि अधिकांश अवस्थाहरूमा उनीहरूलाई मारिदिए।

त्यस्ता अपमानहरूमा पनि के परमेश्वरको धैर्य टिकिरह्यो होला त ? हो, उहाँको धैर्यको बाँध फुटेन। परमेश्वर पहिलेभन्दा भनै उदेक र भनै अनुग्रही किसिमले मानिसहरूसित फेरि एक पटक बोल्नुभयो।

उहाँले आफ्नो पुत्रलाई पठाउनुभयो।

परमेश्वरले आफ्नो एक मात्र पुत्रलाई पापी मानव जातिकहाँ पठाउनुमा उहाँको हृदयको उद्देश्य के थियो होला, सो कुरा कुनै मानव मष्तिस्कले कहिल्यै बुझ्न सक्दैन। त्यस्तो कार्यको पीडा र वेदना अनुभूति गर्न परमेश्वरजस्तै पवित्र र प्रेमिलो हुनुपर्दथ्यो।

यद्यपि, यस विषयमा परमेश्वरका भावनाहरू बुझ्न अलिकति

भए पनि सहायता पुगोस् भन्ने हेतुले हाम्रा निम्ति एकदमै छर्लङ्ग दुई ओटा तस्बिरहरू बाइबलमा प्रस्तुत गरिएका छन्।

एउटा उदाहरण पुरानो नियममा र अर्को उदाहरणचाहिँ नयाँ नियममा दिइएको छ। पुरानो नियममा प्रस्तुत गरिएको तस्बिरचाहिँ अब्राहामले आफ्नो छोरा इसहाकलाई बलि दिन देखाएको तत्परताको इतिहास हो (उत्पत्ति २२)।

परमेश्वरले अब्राहामसित तिम्रा सन्तानहरू आकाशका ताराझैं र समुद्रका बालुवाजत्तिकै हुनेछन् भनी प्रतिज्ञा गर्नुभयो। त्यसपछि उहाँले अब्राहामलाई **आफ्नो पुत्र, एक मात्र पुत्र, अति प्रिय पुत्र इसहाक**लाई मोरियाह पर्वतमा लान र त्यहाँ उसलाई बलिको रुपमा चढाउन हुकुम गर्नुभयो।

आज्ञाकारी बुवा आफ्नो छोरा लिएर मोरियाह पर्वततिर जाँदै गरेको देखिन्छ। बुवाले धारिलो छुरी र आगो बोकिरहेका हुन्छन्। अनि, छोराले चाहिँ बलि–वेदीको निम्ति दाउरा बोकिरहेको हुन्छ। बुबा र छोरा बीच हृदय छियाछिया हुने संवाद चलिरहेको हामी सुन्दछौं। इसहाकलाई बाँधिन्छ अनि वेदीमाथि राखिन्छ। अब्राहामले आफ्नो छोरालाई मार्न छुरी उठाउँदै गर्दा अब्राहामको सास बढेर स्वाँ–स्वाँ भइरहेको सुन्दछौं।

परमेश्वरले हस्तक्षेप गर्नुभयो । इसहाकको साटोमा बलि चढाउन परमेश्वरले एउटा भेडाको प्रवन्ध गर्नुभयो । यहाँसम्म आइपुग्दा, परमेश्वरले आफ्नो पुत्रलाई कलवरीको क्रूसमा मर्नलाई अर्पण गरिरहनुभएको दृश्य सुस्पष्ट भइसकेको छ। तर यहाँनेर नै समानान्तर (Parallel) को अन्त्य हुन्छ। अब्राहमले आफ्नो छोरालाई मृत्युमै पुऱ्याउनु परेन। उसको साटोमा भेडाको प्रवन्ध भयो। तर

परमेश्वरले त आफ्नो एक मात्र पुत्र साँच्चै क्रूसमा मर्न दिनुभयो। अति सुन्दर रुपमा एउटा यस्तो वाक्य कोरिएको छ, "परमेश्वरले अब्राहामको हृदयलाई वेदनादेखि जोगाउनुभयो तर आफ्नो हृदयचाहिँ त्यस वेदनादेखि जोगाउनुभएन।" येशू खीष्टको निम्ति कोही पनि प्रतिस्थापक (substitute) थिएन।

परमेश्वरले आफ्नो पुत्र दिनुको आशय सम्बन्धी दोस्रो हृदय-स्पर्शी इतिहासचाहिँ नयाँ नियममा देख्न सकिन्छ (लूका २०:९-१५)। यस खण्डमा परमेश्वरलाई दाखबारी लाउने र त्यसको हेरचाहको निम्ति मोहीहरू राखेर गएको किसानसित तुलना गरिएको छ। जब दाखबारीबाट केही फल पाउनु पर्ने समय आयो, किसानले ती मोहीहरूकहाँ नोकरलाई पठायो तर उनीहरूले त नोकरलाई कुटे अनि रित्तै घरतिर फर्काइदिए। (परमेश्वरका जनहरूले पनि उहाँका अगमवक्ताहरूसित त्यस्तै व्यवहार गरे।) किसानले फेरि अर्को नोकर पठायो र मोहीहरूले उसलाई पनि कुटे, दूरव्यवहार गरे अनि रित्तै फर्काइदिए। तेस्रो नोकरलाई सख्त घाइते बनाइयो अनि दाखबारीदेखि गलहत्याएर निकालिदिए। त्यसपछि किसानले अब चाहिँ के गरुँ त भनेर विचार गरे। किसानले गरेको महत्त्वपूर्ण निर्णय यस्तो थियो : "अबचाहिँ मेरो प्यारो छोरालाई पठाउनुपर्ला। उसलाई देखेरचाहिँ मोहीहरूले आदर गर्लान् नि।"

तर दृष्ट मोहीहरूले त झन् चर्को प्रतिक्रिया पो जनाए। उनीहरूले मतो गरे, "यो त उत्तराधिकारी हो। आओ, र यसलाई मारौं ताकि यो सबै हाम्रो हुनेछ।"

उसलाई दाखबारीदेखि गलहत्याएर निकाले अनि मारिदिए। परमेश्वरको प्रिय पुत्रलाई पनि मानिसहरूले यस्तै गरे।

तापनि परमेश्वरको प्रेम निभेन। उनीहरूले खराब आशय राखे तर परमेश्वरको आशयचाहिँ भलो थियो (उत्पत्ति ५०:२०)। उनीहरू आफ्नै दुष्टताअनुसार चल्दथे तर परमेश्वर आफ्नै धार्मिकताअनुसार चल्नुभयो। उनीहरूले फगत मान्छे मारिरहेका छौं भन्ने सोचेका थिए तर परमेश्वरले चाहिँ संसारको पापको खातिर आफ्नो पुत्र मरिरहेको कुरा घोषणा गर्नुभयो। मानिसको दृष्टिकोणदेखि भेडाहरूले आफ्नो गोठालोलाई मारिरहेका थिए । तर ईश्वरीय दृष्टिकोणबाट हेर्दा भने गोठालो आफ्ना भेडाहरूका निम्ति मरिरहेका थिए। ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण पश्चात परमेश्वरले "आओ, किनकि अहिले सबै थोक तयार छन्" भनी सुसमाचारको निमन्त्रणा जारी गर्नुभएको छ। दुई हजार वर्षदेखि यता उहाँले मानिसका सन्तानहरूलाई आफ्नो महान् भोजमा सहभागी हुन अनुरोध गरिरहनुभएको छ। कतिपय व्यक्तिहरूले वहाना बनाएका छन् । तीमध्ये कतिपयले चाहिँ आलटाल गरेका छन् । अनि कतिपयले चाहिँ ठाडै इन्कार गरेका छन्। केही व्यक्तिहरूले मात्रै सकरात्मक जबाफ दिएका छन्।

यद्यपि, परमेश्वरको दया र भलाइ निरन्तर रहन्छ। उहाँको धैर्य तथा सहनशीलता अटल छ। उहाँको अनुग्रह असीमित रहन्छ।

अचम्मको अनुग्रह कति कर्णप्रिय आवाज र
बचाइएँ मजस्तो अधम र
हराएको थिएँ भूत कालमा, तर भेटिएँ यस बखत,
थिएँ अन्धो, तर देख्ने भएको छु यस क्षण।
त्यही अनुग्रहले मेरो हृदयलाई भय मान्न सिकायो,
र अनुग्रहले मेरा हटे डर
कस्तो अनमोल त्यो अनुग्रह प्रकट भो

मैले विश्वास गरेकै बखतमा
जुन बखतमा मैले विश्वास गरें
धेरै जोखिम, श्रम र बन्धनदेखि
न अघिनै पार भएँ
त्यही अनुग्रहले मलाई पुऱ्यायो यहाँनिर
र अनुग्रहले डोऱ्याउने मलाई घरतिर।

"परमेश्वरले मेरो भलाइ गर्ने
गर्नुभएको छ प्रतिज्ञा :
मेरो आशा केन्द्रित हुन्छ उहाँको वचनमा
उहाँ नै मेरा सुरक्षा र हिस्सा बन्नुहुनेछ
मेरो जीवन अवधिमा।

अनि, जब यो देह र मुटु
बिसाउछन्,
र मरणशील जीवनमा चिन्ह लाग्छ पूर्णविरामको,
त्यही घुम्टोभित्र हुनेछ,
जीवन आनन्द र शान्तिको।

जब हामी त्यहाँ रहन्छौं दशौं हजार वर्ष
बनी चहकिलो तेजपूर्ण रवि,
हुनेछैनन् कम्ति दिनहरू स्तुति गाउन ईशको
भन्दा पहिला शुरु गरेदेखि।" —जोन न्यूटन

हाम्रो प्रभु येशू ख्रीष्टको अनुग्रह
(The Grace of Our Lord Jesus Christ)

जसरी परमेश्वरको अनुग्रह उहाँको आफ्नो पुत्र दियाइमा प्रकट गरियो, त्यसरी नै ख्रीष्टको अनुग्रह पनि पापीहरूका निम्ति प्राण दिने तत्परतामा देखियो । "किनकि तिमीहरू हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह जान्दछौ – उहाँ गरीबद्वारा तिमीहरू धनवन् होओ भनेर उहाँ धनवान् भएर पनि तिमीहरूका निम्ति गरिव हुनुभयो" (२ कोरिन्थी ८:९)।

दुई ओटा अद्भूत तथ्यहरूमा उहाँको अनुग्रह प्रकट भएको पाइन्छ :

१. उहाँ धनी हुनुहुन्थ्यो।

२. उहाँ गरीब हुनुभयो।

प्रथमतः उहाँ धनी हुनुहुन्थ्यो। सारा अनन्तकालदेखि उहाँ पिता परमेश्वरसित निर्वाध शान्ति र आनन्दमा बस्नुभएको थियो । उहाँ आफैमा सबै थोक हुनुहुन्थ्यो, उहाँ आफै आनन्द हुनुहुन्थ्यो, उहाँ सदैव आनन्दित भइरहनुहुन्थ्यो (हितोपदेश ८:३०)। स्वर्गमा ख्रीष्टको वैभवको सक्दो वयान गर्नुभन्दा पनि आकाशका ताराहरू गन्नु अझै सजिलो हुन्थ्यो होला।

उहाँ वैभव र शान्तिको स्थानमा रहन सक्नुहुन्थ्यो । उहाँ दुःख, कष्ट वा मृत्युदेखि अलग भएर स्वर्गमा बस्न सक्नुहुन्थ्यो । उहाँले पापी मानिसहरूलाई उँधोमुन्टो पारेर डरलाग्दो विनाशतिर हुऱ्याउन अनुमति दिन सक्नुहुन्थ्यो ।

तर उहाँले त संसारको मुक्तिदाता बन्नको निम्ति आफ्नो सारा वैभव, आनन्द र स्वर्गको रमाहट छोडेर आउनुभयो । उहाँले परमेश्वरसित आफू बराबर भएको देखाइरहनु पर्छ जस्तो ठान्नुभएन (फिलिप्पी २:६) । उहाँ पृथ्वीको गरीबीसित स्वर्गको वैभव साट्न तत्पर हुनुभयो ।

धनी प्रभु येशू गरीब बन्न चाहनुभयो । उहाँले मानव चोला धारण गरेर गरीब बन्नुभयो (फिलिप्पी २:७) । परमेश्वर मानव बन्नु विनम्रताको उच्चत्तम कार्य हो । यो त अवर्णनीय होच्याइ वा निहुराइ हो । यदि मानिस फटेङ्ग्रा भइदिएको भए वा सूक्ष्म किटाणु नै बनेको भए पनि खीष्ट मानिस बन्नुभयो भन्ने भावसित तुलना गरियो भने पनि त्यो कुरा फितलो तुलना मात्रै बन्नेछ ।

अनि, येशू खीष्ट यस संसारमा वयस्क मानिसको रुपमा आउनुभएन । सर्वशक्तिमान सृष्टिकर्ताले यस संसारमा शिशुको रुपमा जन्म लिनुभयो (लूका २:७) । ब्रह्माण्डकै सर्वशक्तिमान पालनहार आफ्नी आमाको काखमा असहाय शिशु बन्नुभयो ।

यो कुरा पनि स्मरण रहोस्— उहाँ धनदौलत वा प्रभाव भएकी आमाको कोखमा जन्मनुभएन बरु विनित सामान्य यहूदी स्त्री— कन्या मरियमको कोखमा जन्म लिनुभयो ।

उहाँको जन्म सफा अस्पतालमा वा चिटिक्क परेको घरमा पनि भएको होइन । उहाँ त गाईको गोठमा जन्मनुभयो र डुँडमा सुताइनुभयो

(लूका २:७)। हेर्नुहोस् त, उहाँका निम्ति पौवामा पनि ठाउँ थिएन ।

महिमाको परमेश्वर यस संसारमा यसरी जन्मनु भनेको आफैलाई रित्याउनुको एउटा अद्भूत कार्य थियो। त्यति मात्रै कहाँ हो र ? उहाँ शासक भएर वा धनाढ्य व्यक्ति वा उच्च धार्मिक अधिकारीको रुपमा नभएर दासको रुपमा आउनुभयो (फिलिप्पी २:७)। उहाँ सेवा लिनलाई होइन तर सेवा दिन आउनुभयो (मत्ती २०:२८) । युगानु-युगदेखि स्वर्गीय दलहरूले सेवा गरिरहेका परमेश्वर मानिसको दास बनेर आउनुभयो। मानिसहरू पापका दास बनेका हुनाले उहाँ साँच्चै दासहरूका दास बन्नुभयो।

उहाँ लगभग तीस वर्षसम्म नाम नचलेको नासरत गाउँमा गुमनाम रहनुभयो (लूका २:१९)। त्यसपछि उहाँ तीन वर्षे सार्वजनिक सेवकाइमा उत्रनुभयो (यूहन्ना १:२९)

उहाँ सारा सृष्टिका परमेश्वर हुनुहुन्छ भन्ने कुरा उहाँलाई हेरेर तपाईंले कहिल्यै पनि चाल पाउनुहुने थिएन। उहाँले आफ्नो महिमा दैहिक जीवनमा लुकाउनुभएको थियो । उहाँ हामीजस्तै दुरुस्त हुनुहुन्थ्यो तर उहाँले कहिल्यै पनि पाप गर्नुभएन (१ पत्रुस २:२२)।

अन्धालाई दृष्टि दिने, बहिरालाई श्रवण शक्ति प्रदान गर्ने, लाटोलाई बोली दिने जस्ता सुकार्य गर्दै उहाँ हिँड्नुभयो । उहाँले रोगीहरूलाई चङ्गाइ गर्नुभयो, लङ्गडोलाई निको बनाउनुभयो, र मरेकाहरूलाई बौराउनुभयो।

तर मानिसहरूले उहाँलाई तिरस्कार गरे । उहाँका आफ्नै भाइहरूले पनि उहाँलाई बुझ्न सकेनन् । आफ्नै छिमेकीहरूले खिसीटिउरी गरे। धार्मिक अगुवाहरूले उहाँलाई घृणा गरे र पीडा दिए। पापीहरूलाई कृपा प्रकट गर्ने हेतुले मानिसहरूका दुष्टताभित्र

मात्र विद्यमान हुने पापीहरूको तीतो अपमान उहाँ आफैले सहनुभयो (हिब्रू १२:३)।

उहाँ आफ्नै बाहुलीद्वारा बनाइएको संसारमा बासरहीत पथिकझैं भौतिरनुभयो। उहाँले भन्नुभयो, "स्यालहरूका ओढार छन्, आकाशका प्राणीहरूका गुँड छन्, तर मानिसको पुत्रको शिर राख्ने ठाँऊधरि छैन" (लूका ९:५८)। जब उहाँका चेलाहरू आ-आफ्ना घरमा आराम गर्न गए, येशूचाहिँ जैतुनको डाँडामा रात बिताउन भनेर सायद त्यहाँ जानुभएको हुँदो हो (यूहन्ना ७:५३; ८:१)।

उहाँ स्वर्गमा जस्तो परमेश्वर हुनुहुन्थ्यो, मानिसको रुपमा पनि उहाँ त्यही परमेश्वर हुनुहुन्थ्यो। बरु उहाँले अरुका निम्ति जीवनको ढाँचा मात्रै बदल्नुभएको थियो। पीडै-पीडाको संसारमा आउन उहाँले सारा सुखसयल छोड्नुभयो। यस संसारको घनघोर वनको निम्ति स्वर्गका सुन्दर दृश्यहरू त्याग्नुभयो। तीन वर्षे सार्वजनिक सेवकाइको अन्तिम खण्डतिर उहाँप्रतिको विरोध चुलियो। धार्मिक अगुवाहरूले उहाँलाई मार्ने निधो गरे।

अनि यो कुरा हुनै पर्ने थियो

सर्वप्रथमतः उहाँका आफ्ना चेलाहरूमध्ये यहूदा इस्कारयोती नाम गरेका एक जना चेलाले उहाँलाई धोकाबाजी गरेर शत्रुहरूको हातमा सुम्पिदियो (मत्ती २६:१४,१५)। त्यसको मूल्य चाँदीको तीस टुक्रा थियो। विचित्रको सौदावाजी मुक्तिदातालाई दासको भाउमा बेचियो।

सिमोन पत्रुस नाउँ गरेका अर्को चेलाले पनि उहाँलाई इन्कार गरे (मत्ती २६:६९-७५)। विचित्रको लज्जा ! एउटा मरणशील मानिसले महिमाको परमेश्वरको कारण लज्जाबोध गऱ्यो।

उहाँलाई पन्तियस पिलातसको कठघरामा उभ्याइयो (मत्ती २७:२)। विचित्रको न्याय दोषरहीत व्यक्तिलाई दोषी व्यक्तिले न्याय गऱ्यो।

त्यसपछि उहाँलाई रोमी सेनाहरूले क्रूसमा चढाए (२७:३१)। एक मात्रै सिद्ध जीवन सदावहार जिएका व्यक्तिलाई अधर्मीहरूका क्रूशमा टाँगियो । "...उहाँ मृत्युसम्म, अँ, क्रूसको मृत्युससम्म आज्ञाकारी हुनुभयो" (फिलिप्पी २:८) । यस्तो मृत्यु लज्जापूर्ण हुन्थ्यो।

घाम, जून र ताराहरूलाई दिशानिर्देश गर्ने व्यक्ति दुःखै–दुःखको मानिस बन्नुभयो र दयनीय अवस्थामा गनिनुभयो (यशैया ५३:३)। कहिल्यै पनि कष्ट भोग्न नपर्ने परमेश्वरको धन्यको पुत्र कष्टको राजा बन्नुभयो। पापै नजान्नुहुने पवित्र परमेश्वर ईश्वरहीन पापीहरूका निम्ति पाप बलि बन्नुभयो।

क्रूशमा टाँगिदा उहाँ पूर्णतः निर्धन बन्नुभयो । उहाँले मानिसहरूका हातमा भौतिक हिंसामात्रै भोगिरहनुभएको थिएन । त्यो हिंसा त ज्यादै कठोर थियो।

तर खीष्टले मानिसका पापहरू विरुद्ध परमेश्वरको क्रोध आफैमा धारण गर्नुभयो। अनि ती अन्धकारपूर्ण तीनघण्टे अवधिमा उहाँको कष्टको गहिराइ भेटियो (लूका २३:४४)। येशू खीष्ट जुन बखतमा अरुहरूका प्रतिस्थापकको रुपमा बलि भइरहनुभएको थियो, त्यस बेलामा परमेश्वरले उहाँलाई परित्याग गर्नुभयो (मत्ती २७:४६) । पिताले त्याग्नुभएको क्षण खीष्टको निम्ति सबैभन्दा नमीठो पीडा बन्यो। "संसारलाई नरकमा चुर्लुम्म डुबाउनेवालाको भयङ्कर बदला उहाँमाथि खनियो।"

विगतमा गरिएका, वर्तमानमा गरिरहेका र भविष्यमा गर्न सकिने जति पनि पापहरू छन्, ती सबै पापहरू उहाँमाथि थोपरिए र उहाँ ती सबै पापको निम्ति मर्नुभयो।

उहाँले भोग्नुभएका कष्टहरूको सीमा वर्णन गरी साध्ये छैन। ती कष्टहरू मापन गर्न सकिन्न। ती कष्टहरू असिमित थिए।

हराएका भेडाहरूलाई बचाउनको निम्ति क्रूसको माध्यमद्वारा परमेश्वरको क्रोधको सागरभित्र डुब्ने उहाँ असल गोठालो हुनुहुन्थ्यो (यूहन्ना १०:११)।

"दाम तिरेर छुटाइएकाहरूमध्ये कसैले
चाल पाएनन् कहिले,
हराएका भेडालाई फेला पार्न अघि
हाम्रो प्रभु कति गहिरो समुद्र तर्नुभयो होला,
वा कति घोर अन्धकार रात भएर
जानुभयो होला"

क्रूसमा चढेर प्रभु येशू गाड्धन भएको बारी किन्नको निम्ति आफूसित भएको सबै थोक बेच्ने मानिस बन्नुभयो (मत्ती १३:४४)।

क्रूसमा चढेर प्रभु येशू बहुमूल्य मोती किन्नको निम्ति आफूसित भएको सबै थोक बेच्ने व्यापारी बन्नुभयो (मत्ती १३:४५-४६)।

मूल्य तिरेर पापी मानिसहरूलाई आफैमा फर्काएर ल्याउनको निम्ति धनी परमेश्वर गरीब बन्नुभयो।

हाम्रो प्रभु येशू ख्रीष्टको अनुग्रह यस्तो छ।

जोन बन्यानले भनेका थिए, "तपाईं धन्य पुत्र हुनुहुन्छ, तपाईंको विनम्रतामा कस्तो अनुग्रह प्रकट भएकोछ, अनुग्रहले तपाईंलाई

स्वर्गदेखि तल झाऱ्यो, अनुग्रहले नै तपाईंको आफ्नो महिमा उताऱ्यो, अनुग्रहले तपाईंलाई गरीब र अपहेलित तुल्यायो, अनुग्रहले तपाईंलाई पापका यस्ता भारहरू, दुःखका यस्तो बोझहरू, उहाँको श्रापका भारहरू बोक्ने बनायो । हे, परमेश्वरका पुत्र, तपाईंका आंशुहरूमा अनुग्रह लुकेको थियो, रक्ताम्मे कोखादेखि अनुग्रह बाहिर आयो, तपाईंको मुखारबिन्ददेखि निस्केका हरेक शब्दमा अनुग्रह उच्चारित थियो, तपाईंलाई कोर्रा हानिएका, काँडाले घोचेका र काँटीहरू ठोकिएका भागदेखि अनुग्रह निस्कियो । वास्तवमा अनुग्रह यहाँ नै त छ नि! अनुग्रहले स्वर्गदूतहरूलाई चकित तुल्यायो, पापीहरूलाई खुसी बनायो, दुष्टहरूलाई जिल्लाराम बनायो ।"

विश्वासमार्फत अनुग्रहद्वारा मुक्ति
(Salvation by Grace through Faith)

हाम्रो प्रभु येशूको अनुग्रहले उहाँलाई कलवरीको क्रूसमा पापीहरूका प्रतिस्थापकको रुपमा मर्न प्रेरित गऱ्यो भन्ने विषय अघिल्लो अध्यायमा हेरिसकेका छौं । उहाँको मृत्यु नै अन्त्य होइन भन्ने कुरा पनि हामीले विलम्ब नगरी बताउनुपर्दछ । उहाँ अरुकै निम्ति तयार पारिएको चिहानमा गाडिनुभयो (यूहन्ना १९:४१,४२) तर तेस्रो दिनमा उहाँ मरेकोदेखि बौरी उठ्नुभयो, पाप र मृत्यु अनि नरकमाथि विजेता बन्नुभयो (१ कोरिन्थी १५:४) । केही समयपछि पिता परमेश्वरले महिमा, आदर र शक्तिको मुकुट लगाइदिनु हुने स्वर्गमा उहाँ उक्लनुभयो (प्रेरित १:१०) । ख्रीष्टले गर्नुभएको मुक्तिको कार्यसित परमेश्वर सन्तुष्ट हुनुभयो भन्ने प्रमाणचाहिँ उहाँको पुनरुत्थान र स्वर्गारोहण थिए (रोमी ४:२५) ।

अबचाहिँ मानिसहरू कसरी बचाइन्छन् भन्ने प्रश्नतिर लागौं । येशू ख्रीष्टले गर्नुभएको कार्य सारा जातिलाई पापदेखि छुटकारा दिन काफी थियो तर सबैले नै उद्धार पाएका छैनन् । उहाँले तिर्नुभएको मूल्य सम्पूर्ण शदियौंभरिका सारा पापहरूको प्रयाश्चित गर्न प्रयाप्त थियो तर ती सबै पापहरू आफै प्रयाश्चित हुँदैनन् ।

परमेश्वरले मानिसहरूलाई उनीहरूका इच्छा विरुद्धमा नबचाउनु नै सबै पापहरू आफ्सेआफ प्रयाश्चित नहुनुको कारण हो। स्वर्गमा जान नचाहनेहरूलाई परमेश्वरले त्यहाँ लैजानुहुन्न। उहाँले मानिसहरूलाई यस्तो जीवन जिउनुपर्छ भनेर बाध्य तुल्याउनुहुन्न।

त्यसकारण परमेश्वरले उपाय रच्नुभयो। मुक्ति पाउन इच्छा गर्नेले त्यही उपायद्वारा स्वर्गीय आशिष पाउन सक्दछ। उहाँले कसरी उपाय रच्नुभयो त ?

वास्तवमा, परमेश्वरले रच्न सक्नुहुने दुई ओटा मात्रै उपायहरू देखिन्छन् :

१. कुनै न कुनै माध्यमले मुक्ति आर्जन गर्न वा प्राप्त गर्न योग्य व्यक्तिलाई मुक्ति दिइनेछ भनेर उहाँले घोषणा गर्न सक्नुहुन्थ्यो। यस अनुसार मुक्ति कामद्वारा मात्रै प्राप्त हुनेथियो।

२. मुक्ति प्राप्त गर्न इच्छुकहरूलाई उहाँले सित्तैंमा उपहारको रुपमा दिन सक्नुहुन्थ्यो। यस अनुसारचाहिँ मुक्ति अनुग्रहद्वारा प्राप्त हुनेथियो।

यदि उहाँले पहिलो तरिका अप्नाउनुभएको भए उदाहरणको निम्ति निम्न किसिमका व्यक्तिहरूलाई मात्रै मुक्ति दिनेछु भन्नुहुन्थ्यो होला :

१. दश आज्ञा पालन गरेकाहरूलाई
२. महत्त्वपूर्ण नियम पालन गरेकाहरूलाई
३. डाँडाको उपदेशअनुसार जिएकाहरूलाई
४. बप्तिस्मा लिएकाहरूलाई
५. मण्डलीमा सदस्य भएकाहरूलाई
६. सादा र आदरणीय जीवन जिएकाहरूलाई

७. सक्दो असल कार्य गरेकाहरूलाई

८. निश्चित रकम दिनेहरूलाई

माथि उल्लेखित जुनसुकै प्रणालीद्वारा अनन्त जीवन प्राप्त गर्न योग्य भए पनि वा आर्जन गर्न सकिए पनि त्यो प्रणालीचाहिँ कामद्वारा मुक्ति शिर्षक अन्तर्गत पर्दछ।

अनुग्रहद्वारा मुक्ति नामक दोस्रो तरिकामा चाहिँ अनन्त जीवन कुनै मूल्य नचुकाइ वा केही पनि शर्त नराखी प्रदान गरिन्छ। यो जीवनचाहिँ प्राप्त गर्न इच्छुक सबैलाई दिइने उपहार हो।

परमेश्वरले कुन तरिका अप्नाउनुभयो त ?

उहाँले अनन्त जीवन आर्जन गरिने थोकको रुपमा भन्दा पनि उपहारको रुपमा दिन रुचाउनुभयो। परमेश्वरले अनुग्रहद्वारा मुक्ति दिन चाहनुभयो भन्ने कुरा बाइबलका निम्न पदहरूमा यो कुरा निर्णायक रुपमा प्रस्तुत भएको पाइन्छ : "अब जसले काम गर्दछ, त्यसका निम्ति ज्याला अनुग्रह होइन तर हक ठहरिन्छ। तर जसले काम गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास गर्दछ, उसको निम्त उसको विश्वास धार्मिकता ठहरिन्छ" (रोमी ४:४,५)। "किनकि पापको ज्याला मृत्यु हो। तर परमेश्वरको अनुग्रहको वरदानचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो" (रोमी ६:२३)। "किनकि तिमीहरूले विश्वासद्वारा अनुग्रहले मुक्ति पाएका छौ। अनि यो तिमीहरू आफैबाटको होइन, यो त परमेश्वरको दान हो। कामहरूबाट होइन, नत्र त कसैले घमण्ड गर्नेछ" (एफिसी २:८,९)।

बाइबलीय अर्थमा, उपहार भनेको त्यस्तो थोक हो, जुनचाहिँ

कुनै मूल्य नलिईकन, वा प्रापकले आर्जन गरेको छ वा ऊ योग्य छ भन्ने कति पनि सोच नराखीकन, वा दिने व्यक्तिले पछि केही पाउँला भन्ने कति पनि अपेक्षा नगरीकन एउटा व्यक्तिले अर्को व्यक्तिलाई दिइने चीज हो । सम्झौता वा शर्तहरू जोडिने बित्तिकै उपहार उपहारको रुपमा रहँदैन। यस उपहारले मानवीय मापदण्ड वा योग्यपन सम्बन्धी कुनै पनि विचार वा मतलाई समेट्दैन।

तर एउटा पापी मानिसले कसरी मुक्तिको उपहार प्राप्त गर्दछ ? यसको जबाफ हो : प्रभु येशू ख्रीष्टमा विश्वास गरेर मुक्तिको उपहार प्राप्त हुँदछ । नयाँ नियममा सयौं पटकभन्दा पनि बढी मुक्तिचाहिँ मुक्तिदातामा विश्वास गरेर मात्रै प्राप्त गर्न सकिन्छ भनी उल्लेख गरिएको छ। उदाहरणार्थ :

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो – उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर उसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६) । "जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ । अनि जसले पुत्रलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ" (यूहन्ना ३:३६)। "साँचो–साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ" (यूहन्ना ५:२४) । "साँचो–साँचो म तिमीहरूलाई भन्दछु, जसले ममाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन छ" (यूहन्ना ६:४७)। "प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस् र तपाईले मुक्ति पाउनुहुनेछ – तपाईले र तपाईको परिवारले" (प्रेरित १६:३१)।

येशू खीष्टमाथि विश्वास गर्नु भनेको येशूका विषयमा उल्लेखित ऐतिहासिक तथ्यहरूमा सिर्फ आस्था राख्नुभन्दा फरक हो। येशूमा विश्वास गर्नु भनेको आफ्नो पाप स्वीकार गर्नु हो, पापीको निम्ति प्रतिस्थापकको रुपमा उहाँ मर्नुभयो भनी बुझ्नु हो, र उहाँमा नै आफ्नो सारा जीवन समर्पण गर्नु हो।

यसको अर्थ हो, उहाँलाई प्रभु र मुक्तिदाता भनी विश्वास गर्नु हो (यूहन्ना १:१२)। यसको अर्थ आफ्नो हृदयको ढोका खोल्नु र उहाँलाई भित्र आउन दिनु हो (प्रकाश ३:२०)।

प्रभु येशू खीष्टमा विश्वास गर्नु भनेको पानीमा डुबुल्की मार्न लिइएको पहिलो कक्षाजस्तै पनि हो। प्रशिक्षार्थीलाई प्रशिक्षकले काठको तखताको छेउमा दुवै खुट्टा जोडेर पानीतिर फर्केर उभिन लगाउँदछन्। त्यसपछि खुट्टाका बुढी औंलाहरूलाई हातका औंलाहरूले छोउन्जेल निहुरिनु पर्दछ। अनि, प्रशिक्षकले भन्दछ, "त्यही अवस्थितिमा रहेर पानीमा डुबुल्की मार।" शुरुमा डर लागेपछि प्रशिक्षार्थीले भनिए अनुसार गर्दछ। जब ऊ पानी भएतिर बढ्दैजान्छ, उसका हातहरू ऊ भन्दा पहिला जान्छन्। त्यसपछि उसको बाँकी शरीर पानीमा जान्छ। यसरी उसले आफ्नो पहिलो डुबुल्की कक्षा लिन्छ।

वास्तवमा, ऊ आफै नै पानीमा हाम फालेको हो। ऊ काठको तखतमा उभिरहँदैन। जे परे पनि विश्वाससाथ तलाउमा हाम फाल्दछ।

येशू खीष्टमा विश्वास गर्नु भनेको पनि ठ्याक्क यस्तै हो। उहाँमा विश्वास गर्नु भनेको आफ्नो जीवन उहाँमा सुम्पनु हो, उहाँका बाहुलीमा आफ्नो अवस्था राखिदिनु हो।

कतिपय मानिसका लागि यो कुरा अलिक अप्ठ्यारो देखिएला। हामीले पहिले भनिसकेका छौं कि मुक्ति निशर्त वा मूल्य नपर्ने उपहार हो। तर अहिले भनिरहेका छौं– कुनै मानिसले उद्धार प्राप्त गर्न उसले प्रभु येशू ख्रीष्टमा विश्वास गर्नु पर्दछ। त्यसो हो भने यी दुई ओटा भनाइहरूलाई कसरी मिलान गर्न सकिएला त ?

जबाफ यस्तो छ :

१. विश्वास शर्त होइन, जसद्वारा मानिसले मुक्ति आर्जन गर्दछ तर यो त मुक्तिको उपहार ग्रहण मात्रै हो।

२. विश्वास प्रशंसनीय थोक होइन। कुनै पनि मानिसले प्रभु येशूमा विश्वास गरेको छु भनेर धाक देखाउन सक्दैन। विश्वास भनेको त मानिसले आफ्नो सृष्टिकर्तामाथि भरोसा गर्ने एउटा उपयुक्त माध्यम मात्रै हो । असफल भन्ने कुरा परमेश्वरको निम्ति असम्भव भएको हुँदा, उहाँमा भरोसा गर्नु बाहेक मानिसको निम्ति तर्कसङ्गत कुरा अरु के नै छ र ?

३. परमेश्वरको अनुग्रहद्वारा मुक्ति प्राप्त गर्न येशू ख्रीष्टमा भरोसा राखेर मात्रै मानिसले आफ्नो तत्परता झल्काउँदछ।

हामीले विश्वासको विषयमा चर्चा गरिरहँदाखेरि हामीले अरु दुई ओटा महत्त्वपूर्ण तथ्यहरू पनि हेर्नुपर्दछ।

पहिलो, हाम्रो विश्वासको **मात्रा** (Amount) सित मुक्ति निर्भर रहँदैन तर मुक्ति त हाम्रो विश्वासको **पात्र** (Object) सित निर्भर रहँदछ। बेकामे पात्रमाथि ठूलो विश्वास गर्नु बेकार हुन्छ। बरु योग्य प्रभु येशू ख्रीष्टमा सिर्फ विश्वास गर्दाखेरि नै आत्मा बाँचिहाल्छ।

दोस्रो, मुक्तिको निम्ति विश्वास र काम कहिल्यै पनि छ्यासमिस

गर्न सकिन्न । ख्रीष्टमा विश्वास अनि काम दुवैद्वारा मुक्ति पाउँदैनौं तर ख्रीष्टमा केवल विश्वासद्वारा मुक्ति पाउँदछौं । यो त पूर्णतः परमेश्वरको अनुग्रह हो, तर कामबाट हो भने त्यो अनुग्रह हुन सक्दैन :

"तर अनुग्रहद्वारा हो भने यो कामहरूद्वारा हुँदै होइन, नत्र त अनुग्रह अनुग्रह नै हुँदैन। तर योचाँहि कामहरूद्वारा हो भने यो अनुग्रह नै होइन। नत्र त काम काम नै होइन" (रोमी ११:६)।

काम र विश्वास पारस्पारिक रुपमा समावेशी नभएका सिद्धान्तहरू हुन् । तपाईंले कि त एउटालाई लिनुपर्छ कि चाहिँ अर्कोलाई अप्नाउनुपर्दछ। तपाईंले दुवै एकैचोटी लिन सक्नुहुन्न।

यसले रोचक प्रश्न उठान गर्दछ, "परमेश्वरले किन असल कार्यको सिद्धान्तमा आधारित मुक्ति दिने निर्णय गर्नुभएन?" तल प्रस्तुत गरिएका विचारहरूमा त्यसका कारणहरू वर्णन गरिएका छन् :

१. पहिलो, कोही पनि मुक्तिको भागिदार हुन पाउँदैन थिए । किनकि सबै मानिसहरू अधर्म र पापमा मरेका थिए । त्यसकारण, त्यसले परमेश्वरको निम्ति असल कार्य उत्पन्न गर्न सक्दैन । "... हामी सबै अशुद्ध थोकजस्ता छौँ, र हाम्रा सबै धार्मिक कामहरू मैला थाङ्नाहरूजस्ता छन् ..." (यशैया ६४:६)। मानिसले मुक्ति नपाएसम्म असल कार्यको थालनी नै हुन सक्दैन।

२. दोस्रो, यदि मानिसले स्वर्ग जाने उपाय आर्जन गर्न सकेको भए, उसले परमेश्वरलाई आफ्नो ऋणी तुल्याउने थियो । मानिसले जीवन जिए अनुसारको प्रतिफल बापत परमेश्वरले उसलाई मुक्ति दिनु पर्नेहुन्थ्यो । यो त स्पष्ट रुपमै असम्भव देखिन्छ।

परमेश्वर कसैको पनि ऋणी हुनुहुन्न (रोमी ११:३५) । परमेश्वरलाई ऋणी बनाउन मानिसले केही पनि गर्न सक्दैन।

३. यदि कुनै मानिसले उसका कामहरू अर्थात उसको चरित्रले मुक्ति पाउने भएको भए, उसले परमेश्वरको सामु फूर्ति लगाउने थियो । तर यो पनि सोच बाहिरकै कुरा हो (रोमी ३:२७) । स्वर्गमा सारा महिमा परमेश्वरकै हुन् । उहाँले आफ्नो महिमा आफ्ना सृष्टिका प्राणीलाई दिनुहुनेछैन । स्वर्गमा फूर्तिबाज मानिसहरू हुनु भनेको त स्वर्गलाई धमिल्याउनु मात्रै हो।

४. फेरि, यदि मानिसले आफूलाई बचाउन सक्ने भए, ऊ आफै आफ्नो मुक्तिदाता बन्ने थियो। त्यस अवस्थामा, उसले आफैलाई पुज्ने थियो। तर व्यक्ति पुज्नु त दश आज्ञाको पहिलो निषेधित आज्ञा हो, जहाँ लेखिएको छ : "मेरा सामु तिम्रा अरु कुनै ईश्वरहरू हुनुहुँदैन" (प्रस्थान २०:३) । यदि मानिसले आफ्नो आर्जनमा टेवा मात्रै दिन सकेको भए पनि ऊ मुक्तिदातापनको महिमामा हिस्सेदार बन्दै येशू ख्रीष्टसित सह-मुक्तिदाता बन्न सक्थ्यो। हामीलाई थाहा भइसकेको छ— यो कुरा असम्भव छ।

५. कामद्वारा मुक्ति पाइन्छ भन्ने अवधारणाचाहिँ "... रगत नबगाइकन पाप-क्षमा हुँदैन" (हिब्रू ९:२२) भनी परमेश्वरले बोल्नु भएको कुराले नै रद्द तुल्याइसकेको छ। असल कार्यमा रगत बगाउने कार्य समावेश हुँदैन। त्यसकारण असल कार्यभित्र मुक्तिको स्थान छैन।

६. असल कार्य गरेर स्वर्ग प्राप्त गर्न सक्छु भनी सोच्नेहरूले परमेश्वरले पूर्ण सिद्धताको माग गर्नुहुन्छ भन्ने कुरा बिर्सेका छन्। एउटा आज्ञा पालन गरेर मात्रै पुग्दैन। दश आज्ञाहरूमध्ये

नौ ओटा आज्ञाहरू पालन गरेर मात्रै पनि हुँदैन। परमेश्वर अधूरो आज्ञाकारिता चाहनुहुन्न (याकूब २:१०)।

७. यदि कुनै मानिसले यस दिनदेखि उसो सिद्ध जीवन जिउन सके तापनि उसले मुक्ति पाउने छैन। परमेश्वरले विगत देखिका (उपदेशक ३:१५) वर्तमानसम्मका उसका सम्पूर्ण पापहरूको अझै प्रायश्चित भएको हुनुपर्दछ।

८. मानिसले आफ्नो कामद्वारा आफैलाई बचाउन सक्छ भनी सुझाउनु भनेको ख्रीष्टले हाम्रो निम्ति गर्नुभएको कामको आवश्यकतालाई इन्कार गर्नु हो। यदि मुक्तिचाहिँ मानवीय कार्य वा चरित्रद्वारा प्राप्त हुन सक्थ्यो भने मुक्तिदाता मरिरहनु जरुरी थिएन (गलाती २:२१)। तर बाइबल धर्मशास्त्रमा मुक्तिको अर्को मार्ग छैन भनी बताइएको छ, "... किनकि त्यस बसालिएको जगलाई छोडेर, जो येशू ख्रीष्ट हुनुहुन्छ, कुनै पनि मानिसले अर्को जग बसाल्न सक्दैन" (१ कोरिन्थी ३:११)।

९. मानिसले आफूलाई बचाउन वा आफ्नो मुक्तिमा सहयोग पुऱ्याउन सक्छ भन्ने परिकल्पनाले ख्रीष्टले गर्नुभएको कार्यको प्रर्याप्ततालाई खण्डन गर्दछ (कलस्सी ३)।

"ख्रीष्टलाई आदर गर्छौं भनी स्वीकार गर्ने, बप्तिस्मा लिएका पुरुष र स्त्रीका भीडहरू धेरै छन् तर वास्तवमा उनीहरूले त झनै ख्रीष्टलाई अनादर पो गरिरहेका हुन्छन्। उनीहरूले आफ्नो धार्मिक प्रणालीमा ख्रीष्टलाई अलिकति स्थान दिएका हुन्छन् तर परमेश्वर रहन चाहनुभएको स्थानचाहिँ दिएका हुँदैनन्। ख्रीष्टलाई उनीहरूका हृदयको सर्वेसर्वा बन्न दिएका हुँदैनन्। उनीहरूका हृदयमा केही पनि रहेको पाइँदैन। यस्ता

मानिसहरूले आफ्ना हृदयहरू कि ख्रीष्ट र मण्डलीमा – कि ख्रीष्ट र ख्रीष्टियन धर्मविधिमा – कि ख्रीष्ट र उहाँका अभिषेक गरिएका सेवकहरूमा – कि ख्रीष्ट र उनीहरूका पश्चतापमा – कि ख्रीष्ट र आफूले गरेको असलपनमा – कि ख्रीष्ट र आफ्ना प्रार्थनाहरूमा – कि ख्रीष्ट र आफ्ना इमान्दारिता र दानशीलतामा निर्भर गराएका हुन्छन्।"– रायल

१०. मुक्तिसित जोडेर हेर्दा हरेक कुरामाथि परमेश्वरले नै सदैव सर्वोच्च स्थान, अर्थात महान् धन्यको उच्चस्थान पाउनुपर्दछ। उदाहरणार्थ, "लिनुमा भन्दा दिनु झन् धन्य हो" (प्ररित २०:३५)। त्यसैले परमेश्वरले नै सदैव महान् धन्यको स्थान पाउनुहुनेछ। दिने कार्य परमेश्वरले नै गर्नुहुनेछ र लिने कार्यचाहिँ मानिसले गर्ने छ।

११. ख्रीष्टले मुक्तिको कार्य समापन गर्नुभएको हुनाले मानिसले मुक्तिमा केही पनि थप्न सक्दैन भनेर फेरि पनि उल्लेख गर्नैपर्ने हुन्छ। तपाईंले समापन भइसकेको कार्यमा केही पनि थप्न सक्नुहुन्न । ख्रीष्ट येशू पापीहरूको मुक्तिमा सहयोग पुऱ्याउन केवल संसारमा आउनुभएको होइन तर उहाँ मुक्ति दिनै आउनुभएको हो (१ तिमोथी १:१५) ।

मानिसले व्यवस्था पालन गरेर मुक्ति प्राप्त गर्दछ भन्ने धारणा व्यापक रहेको पाइन्छ तर यसमा धर्मशास्त्रीय आधार भने केही पनि छैन।

परमेश्वरले मुक्तिको माध्यमको रुपमा व्यवस्था दिनुभएको होइन। मानिसले व्यवस्थालाई मुक्तिको मार्गको रुपमा लिऊन् भन्ने परमेश्वरको उद्देश्य कहिल्यै रहेन। उहाँले व्यवस्थालाई मानिसले

स्वर्ग जाने भऱ्याङ्को रुपमा प्रयोग गरुन् भन्ने पनि चाहनु भएन। बरु मानिसहरूको पाप प्रकट गर्न पो व्यवस्था दिइएको थियो। मानिसहरू परमप्रभुतिर फर्केर दयाको याचना गरुन् भन्ने उद्देश्यले उनीहरूका दयनीय अवस्थाको गम्भीरता प्रकट गरिदिनुचाहिँ व्यवस्था दिइनुको उद्देश्य थियो। "अनि अपराध प्रशस्तै होस् भनेर व्यवस्था आयो। तर जहाँ पाप प्रशस्त भयो, त्यहाँ अनुग्रह झन् बढी प्रशस्त भयो" (रोमी ५:२०)। "यसकारण व्यवस्थाका कामहरूद्वारा कुनै पनि प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन। किनकि व्यवस्थाद्वारा पाप चिन्ने ज्ञान हुन्छ" (रोमी ३:२०)। मानिसहरूका मुख बन्द गर्न, उनीहरूलाई पापी छौ भनी दोष देखाइदिन, र प्रभुको चरणमा पश्चातापी व्यक्तिको रुपमा डोऱ्याउनको निम्ति व्यवस्था दिइएको हो (रोमी ३:१९)। "व्यवस्थाले हामीलाई निशब्द मौनतामा नपुऱ्याएसम्म हामीमा अनुग्रह शुरु हुनै सक्दैन।" —सि.आई. स्कोफिल्ड

असल कामद्वारा मुक्ति पाइँदैन भनेर जोड दिन हामी जसरी लागिपरेका छौं, **त्यही हदमा** मुक्तिचाहिँ असल कार्यको लागि हो भनेर पनि हामीले स्पष्ट बुझेको हुनुपर्दछ (एफिसी २:१०)। असल कार्यहरू मुक्तिका जरा होइनन् तर मुक्तिका फल मात्र हुन् (तीतस २:१४)। विश्वासले मात्रै आत्माको मुक्ति ल्याउँदछ अनि त्यसपछि आत्माको मुक्तिले असल फल फलाउँदछ।

प्रेरित याकूबले जोड दिएको यथार्थ नै यही थियो (याकूब २:१४-२६)। मानिस विश्वासद्वारा धर्मी ठहरिएको प्रमाण स्वरुप असल फलहरू देखिनु पर्छ भनी याकूबले आग्रह गरेका छन्। विश्वास आफैमा अदृश्य थोक हो तर असल कार्यहरूचाहिँ साँचो विश्वासका दृश्यमान प्रकटिकरण हुन्। कुनै मानिसले मसित

विश्वास छ भन्ला तर यदि उसका जीवनमा असल कार्यहरू प्रकट हुँदैनन् भने त्यो विश्वास नक्कली विश्वास हो। जसरी आत्माविना शरीर मरेको हुन्छ, त्यसरी नै कामविनाको विश्वास पनि मरेको हुन्छ। यदि त्यस विश्वासले असल कार्यहरू उत्पन्न गर्दैन भने त्यो विश्वासचाहिँ 'होला' विश्वास मात्रै हुनेछ।

एउटा अन्तिम बुँदा विश्वासीहरूका असल कार्यहरूचाहिँ परमेश्वरका दिनमा पुरस्कृत हुनेछन् (१ कोरिन्थी ३:१४)। यद्यपि, तिनले मानिसको मुक्तिमा केही पनि योगदान पुऱ्याउँदैनन्। तर स्वर्गको आनन्दमा चाहिँ तिनको विराट योगदान हुनेछ।

यस्तो छ परमेश्वरको अनुग्रह उहाँले मानिस जातिलाई आफ्नो पुत्र येशूमा विश्वासद्वारा सित्तैंमा विनाकर्म बचाउनुभएको छ। उहाँले आफ्नो महिमाको खातिर असल कार्यहरू उत्पन्न गर्न सामर्थ्य दिनुहुन्छ र तिनले असल फल उत्पन्न गरेपछि इनाम पनि दिनुहुन्छ।

तपाईं धनी बन्न सक्नुहुन्छ
(That Ye Might Be Rich)

जब कुनै व्यक्ति खीष्टियन बन्दछ, ऊ तुरुन्तै अति धनाढ्य बन्दछ । ऊ मानव चोलाभरि रहने भौतिक सम्पतिमा होइन तर सदासर्वदा रहने आत्मिक आशिषहरूमा धनाढ्य बन्दछ।

"उहाँको अनुग्रहको सम्पति" अभिव्यक्ति कहिल्यै नरित्तिने वैभवको वर्णन गर्न पावलद्वारा प्रयोग गरिएको अभिव्यक्ति हो । ती सम्पति भनेका येशू खीष्टमा भरोसा गर्ने पापीहरूलाई प्रशस्त गरी दिइने सम्पति हो ।

हेर्नुहोस् त, जब कुनै व्यक्तिले प्रभु येशूलाई विश्वास गर्दछ, उसले खीष्टलाई प्राप्त गर्दछ, र उहाँलाई प्राप्त गर्नुको साथसाथै परमेश्वरले दिन सक्नुहुने सबै असल थोक पनि प्राप्त गर्दछ। स्वर्गका सारा वैभव येशूमा प्राप्त हुँदछ।

परमेश्वरले खीष्ट मात्र दिनुभएन तर सारा उत्तम वरदानहरू पनि दिनुभएको छ। उहाँले उत्तम वरदानहरू दिइसक्नुभएको हुनाले अलिक कम स्तरका वरदानहरू दिन बञ्चित गर्नुहुन्न। "उहाँले आफ्नै पुत्रलाई पनि बाँकि राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई अर्पिदिनुभयो । त कसरी उहाँले उहाँको साथ सबै थोकहरू पनि

हामीलाई सित्तैंमा दिनुहुनेछैन र ?" (रोमी ८:३२)।

अनि येशू ख्रीष्टमा भरोसा गर्ने व्यक्तिसित हुने कपितय दौलतहरू के के होलान् त ?

१. सर्वप्रथम, उसले मुक्ति प्राप्त गरेको हुन्छ – पापको दण्डदेखि छुटकारा पाएको हुन्छ (रोमी ८:१)। पापको शक्तिदेखि बचाइएको हुन्छ (रोमी ६:१४)। अनि एक दिन पापको उपस्थितिदेखि पनि उसलाई बचाइनेछ भनी प्रतिज्ञा गरिएको छ (१ यूहन्ना ३:२)। ऊ नरकको अनन्त पीडादेखि बचाइएको हुन्छ। यो त साँच्चै गजबको मुक्ति हो। मौद्रिक मूल्यले यसको स्थान ओगट्न सक्दैन।

२. दोस्रो, उसले नयाँ जन्म पाएको हुन्छ अर्थात माथिबाट जन्मेको हुन्छ (तीतस ३:५,६)। शारीरिक जन्म हुँदा मानिस दुष्ट, निको नहुने र पतित स्वभाव लिएर जन्मेको हुन्छ। नयाँ गरी जन्मेपछि मानिसले नयाँ स्वभाव प्राप्त गर्दछ – अर्थात ख्रीष्टको जीवन प्राप्त गर्दछ। कुनै मूल्यवान थोकले यस्तो आशिषको स्थान ओगट्न सक्ला त ?

३. अर्को कुरा, ऊ धर्मी ठहरिएको हुन्छ (रोमी ५:१)। यसको अर्थ हो : परमेश्वरले उसलाई धर्मी घोषणा गरिसक्नुभएको हुन्छ। ऊ आफ्नो स्व–धार्मिकताको दुर्गन्धित फुत्रे कपडा लाउनुको साटो परमेश्वरको स्वयम्को धार्मिकताले पहिरिएको हुन्छ। त्यसपछि ऊ परमेश्वरको सामु खडा हुन सिद्ध ठहरिन्छ। अनि कसैले पनि उसलाई दोषी ठह्याउन सक्दैन (रोमी ८:३३)। यथार्थमा भन्नुपर्दा, ऊ आदममा जे हुन सक्थ्यो, यहाँसम्म कि पाप नगरेको आदममा भएभन्दा पनि ऊ ख्रीष्टमा अहिले झनै

धनी हुन्छ (रोमी ५:१५–२१)। यस्तो अनुग्रहको मूल्य अवर्णनीय छ।

४. उसको उद्धार भएको हुन्छ। उसलाई पापको दास बजारदेखि किनेर फिर्ता ल्याएको हुन्छ (कलस्सी १:१४)। अनि यदि यो कुरा तपाईंलाई अद्भूत लाग्दैन भने यस छुटकाराको मूल्यचाहिँ खीष्टको अनमोल रगत हो भन्ने कुरा सिर्फ सम्झिदिए पुग्दछ (१ पत्रुस १:१८,१९)। के खीष्टले आफूले यस्तो मूल्य चुकाएको पापीलाई यति धेरै वास्ता गर्न सक्नुहुन्थ्यो होला ? किन नगर्नु नि एकफेर सोच्नुहोस् त।

५. विश्वासीले पापको क्षमा पाउँदछ (एफिसी १:७)। ती पापहरू पश्चिमदेखि पूर्व जति टाढा छन् त्यति नै पर परमेश्वरले हटाइदिनुभएको छ (भजनसंग्रह १०३:१२)। परमेश्वरले ती पापहरूको फेरि सम्झना हुनेछैन भनी प्रतिज्ञा गर्नुभएको छ (हिब्रू ८:१२)। अनुग्रहको यस्तो प्रदर्शन देखेर स्वर्गदूतहरू पनि मुख बाउँछन् होला।

६. अर्को कुरा, ऊ मिलापमा ल्याइएको हुन्छ (रोमी ५:१०)। ऊ र परमेश्वर बीचमा अब शत्रुता मेटिएको छ। खीष्टले क्रूसमा बगाउनुभएको रगतद्वारा शान्ति स्थापना गरिएको छ। प्रभु येशू खीष्टले पापको समस्या हल गर्नुभएको छ। र, अब द्वन्द्व समाप्त भएको छ। यस्तो शान्ति अमूल्य हुन्छ।

७. विश्वासी पवित्रीकरण भएको हुन्छ (१ कोरिन्थी १:२)। यसको अर्थ हुन्छ : परमेश्वरले उसलाई आफ्नो बनाउन संसारदेखि अलग गर्नुभएको छ। यसको अर्थ यो पनि हुन्छ : परमेश्वरले विश्वासीलाई खीष्टको स्वरुपमा निर्माण गर्दै लाने जिम्मेवारी

पनि लिनुभएको छ। परमेश्वर आफ्नो पुत्रसित असाध्यै खुशी भएको हुनाले धेरै जनालाई उहाँ ख्रीष्टजस्तै बनाउन चाहनुहुन्छ। यस्तो अनुग्रहले सन्तहरूलाई यस्तो चित्कार गर्न लगाउँदछ, "कहाँबाट मलाई प्रेमको यस्तो विशालता !"

८. हरेक विश्वासी ख्रीष्टको देहमा पवित्र आत्माद्वारा बप्तिस्मा भएको हुन्छ (१ कोरिन्थी १२:१३) । ऊ साँचो मण्डलीको सदस्य बन्दछ (एफिसी ३:१०) । मानव भाषाले व्यक्त गर्न नसक्ने घनिष्ठता र स्नेह बारेमा अधिक चर्चा भइरहने स्थान वा ख्रीष्टको दुलहीको पनि सदस्य बन्दछ।

९. सन्तहरूलाई भविष्यको लागि बैना वा करारको रुपमा पवित्र आत्मा दिइएको हुन्छ (एफिसी १:१४) । उसमा पवित्र आत्मा हुनुहुन्छ भन्ने पक्का भएभैं उसले स्वर्गीय अधिकार पनि पक्का रुपमा प्राप्त गर्नेछ। ऊ स्वर्गमा पुगेजस्तै गरी स्वर्गको बारेमा निश्चित हुन्छ। परमेश्वरको अनुग्रहले मुक्तिदातामाथि भरोसा गर्ने व्यक्तिहरूको निम्ति यही कार्य गर्दछ।

१०. पवित्र आत्मा स्वामित्वको छापको रुपमा पनि दिइन्छ (एफिसी १:१३)। सृष्टि गरिएका प्राणीहरूका निम्ति यो भन्दा भव्यतासाथ अरु के स्थान नै हुन सक्छ र विश्वासीहरू पवित्र आत्माको वरदानद्वारा परमेश्वरका जनका रुपमा अंकित भएका हुन्छन्। अयोग्य मानिसप्रति यति धेरै अनुग्रह खन्याउने व्यक्ति परमेश्वर बाहेक अरु को छ र ?

११. अझै उदेकलाग्दो कुरा त, पवित्र आत्मा विश्वासीभित्र वास गर्नुहुन्छ (१ कोरिन्थी ६:१९) । त्रिएक परमेश्वरमध्ये एक व्यक्तित्व विश्वासीभित्र वास गर्ने कुरा विचार गर्नुहोस्

त वास्तवमा, त्रिएक परमेश्वर सन्तहरूमा वास गर्नुहुन्छ भनी धर्मशास्त्रमा बताइएको छ (१ कोरिन्थी ६:१९) । धर्मशास्त्रअनुसार विश्वासीभित्र त्रिएक परमेश्वरको वास भएको हुन्छ, जसले गर्दा हाम्रो हृदयमा ख्रीष्ट हुनुहुन्छ (एफिसी ३:१७, कलस्सी १:२७) । विश्वासीमा पिता परमेश्वरको वास हुन्छ (एफिसी ४:६) ।

१२. विश्वासी प्रिय पुत्र येशूमा ग्रहण गरिएको हुन्छ (एफिसी १:६) । त्यसकारण, उहाँको प्रिय पुत्रको पहुंच भएको स्थानमा परमेश्वरको सामु ऊ खडा हुँदछ ।

"नजिक, परमेश्वरको अति नजिक,
योभन्दा अझै हुन सक्तिनँ नजिक,
कारण पुत्रको स्वरुपभित्र
म पनि छु पुत्रजतिकै नजिक ।"

ख्रीष्टले सिद्ध स्थान प्राप्त गर्नुभएकोले विश्वासीले पनि परमेश्वरको सामु त्यतिकै सिद्ध स्थान प्राप्त गरेको छ । ख्रीष्ट ग्रहणयोग्य हुनुभएकोले विश्वासीलाई पनि सदासर्वदाको निम्ति ग्रहणयोग्य तुल्याइएको छ ।

१३. ऊ ख्रीष्टमा पूर्ण भएको छ (कलस्सी २:१०) । यसको अर्थ हो : उसले ख्रीष्टमा सबै कुरा प्राप्त गरेको छ र तिनै कुराले उसलाई स्वर्गको निम्ति योग्य तुल्याउँदछ । यथार्थमा भन्नुपर्दा, ऊ ख्रीष्टमा छ, त्यसकारण परमेश्वरले उसलाई स्वर्गको निम्ति योग्य बनाउन सक्नुहुन्छ । विश्वास गरेपछि धेरै वर्षसम्म उसले ख्रीष्टको निम्ति विश्वासयोग्यता र समर्पणको जीवन जिएको हुन सक्ला तर ती कुराले उसलाई स्वर्गको निम्ति पटक्कै योग्य

बनाउने छैन । तर यसले स्वर्गको आनन्द र स्वर्गमा प्राप्त गर्ने इनामलाई चाहिँ बढाउनेछ। तर स्वर्गमा जान योग्य हुने कि नहुने भन्ने कुराचाहिँ ऊ ख्रीष्टमा छ कि छैन भन्ने कुरामै निर्भर रहन्छ। ख्रीष्टमा पूर्ण बनेको हैंसियतमा केही पनि सुधार गर्न सकिन्न।

१४. विश्वासी परमेश्वरको सन्तान भएको हुन्छ (यूहन्ना १:१२)। उसले सारा स्वर्ग र पृथ्वीको परमेश्वरको मुहारतिर हेरेर उहाँलाई "मेरो पिता" भनी पुकार्न सक्दछ। संसारमा भएको कुनै पनि सम्बन्धसित राजाको पुत्र हुनुसित तुलना गर्न सकिन्न। अझै भन्नुपर्दा, ऊ त झन् परमेश्वरको विश्वव्यापी परिवारको सदस्य पो बन्न पुग्दछ। सबै साँचा विश्वासीहरू ख्रीष्टमा उसका दाजुभाइ र दिदीबहिनी भएका हुन्छन्। ती मानिसहरू नै जगतको ज्योति हुन्। अनि उनीहरूसितको सङ्गतिमा हुनु भनेको नै ख्रीष्टियन जीवन जियाइका महान् आनन्दहरूमध्ये एक हो।

१५. ऊ परमेश्वरको पुत्रको रुपमा स्वीकार गरिएको हुन्छ (गलाती ४:४-७)। ऊ ईश्वरीय परिवारमा सन्तान मात्रै होइन तर वयस्क छोरो पनि हो। ऊ कानूनी दायराभित्र मात्रै हुँदैन तर परिवारभित्रको परिपक्व सदस्यको रुपमा सारा विशेषाधिकारहरू, जिम्मेवारीहरूसहित एउटा परिपक्व व्यक्तिको रुपमा ऊसित व्यवहार गरिन्छ। अनुग्रहले त्योभन्दा थोरै गर्न सक्थ्यो होला। अनुग्रहले मानिसलाई नरकदेखि मात्रै छुटाउन सक्थ्यो होला। "तर अपराध प्रशस्तै होस् भनेर व्यवस्था आयो। तर जहाँ पाप प्रशस्त भयो, त्यहाँ अनुग्रह झन् बढी प्रशस्त भयो" (रोमी ५:२०)।

१६. खीष्टलाई परमेश्वरले प्रेम गर्नुभए जतिकै विश्वासीलाई परमेश्वरले प्रेम गर्नुभएको हुन्छ। यो कुरा बाइबलमा स्पष्ट रुपमा उल्लेख नभएको भए हामीभित्र यसो भन्ने हिम्मत हुने थिएन। यो साँचो हो जस्तो लाग्ने ज्यादै आश्चर्य देखिन्छ। हाम्रो प्रभु येशू खीष्टले गर्नुभएको उच्च–पूजाहारीमय प्रार्थनामा हामीप्रति परमेश्वरको प्रेम देखिन्छ।

"... अनि तपाईंले मलाई पठाउनुभएको हो, उसरी नै तिनीहरूलाई पनि प्रेम गर्नुभएको छ भनी संसारले जानोस्" (यूहन्ना १७ :२३)।

"प्रिय, परमेश्वरको निम्ति अति प्रिय, त्योभन्दा अझै बढी प्रिय हुने ठाउँ नै छैन त्यही प्रेमले उहाँले आफ्नो पुत्रलाई प्रेम गर्नुभयो अनि यस्तै छ उहाँको मप्रतिको प्रेम।" अनि हामी भन्न सक्छौं, "यस्तो प्रेमले ज्ञानलाई माथ गर्दछ।"

१७. परमेश्वरको सन्तानले अनन्त जीवन प्राप्त गर्दछ (यूहन्ना ५:२४)। अनन्त जीवन भनेको येशू खीष्टको जीवन हो। अनन्त जीवन भनेको विश्वासी मरेपछि पाउने जीवन होइन। यो त खीष्ट येशूलाई विश्वास गर्ने बित्तिकै प्राप्त हुने विश्वासीको हक हो।

यो जीवनको अन्त्य कहिल्यै पनि हुँदैन। यो जीवन मणीहरूभन्दा मूल्यवान र तपाईंले इच्छा गर्नुभएका कुनै पनि थोकहरूसित यस जीवनलाई तुलना गर्न सकिन्न।

१८. सन्तगण परमेश्वरका हकदार साथै येशू खीष्टसितका साझे–हकदार पनि हुन् (रोमी ८:१७)। परमेश्वरका आफ्ना जनहरू उहाँसित भएका सबै थोकका हकदार बनिन्छन्। यद्यपि,

एकदमै सत्य कुरा भन्नुपर्दा, सबैभन्दा विनम्र विश्वासीले "सबै थोक मेरा हुन्, र म ख्रीष्टको हुँ अनि ख्रीष्टचाहिँ परमेश्वरको हुनुहुन्छ" (१ कोरिन्थी ३:२२,२३ हेर्नुहोस्) भनी घोषणा गर्न सक्दछ।

१९. विश्वासी प्रार्थनाद्वारा परमेश्वरकहाँ पुग्न सक्दछ (एफिसी २:१८)। दिन वा रातको कुनै पनि क्षणमा उसले सारा स्वर्ग र पृथ्वीको सार्वभौम परमेश्वरको दर्शन गर्न सक्दछ। यस संसारका मानिसहरूले यस जीवन कालमा राजा वा राष्ट्रपतिले दर्शन दिँदा त यसलाई एउटा विशिष्ट अहोभाग्यको रुपमा लिन्छन्। परमेश्वरका सन्तानहरूका निम्ति त झन् यो कति ठूलो अहोभाग्य हो।

२०. येशू ख्रीष्ट मध्यस्थकर्ता र प्रधान पूजाहारी हुनुहुन्छ र विश्वासीचाहिँ उहाँको निरन्तर वास्ताको माध्यम बन्दछ (१ यूहन्ना २:१; हिब्रू १०:२१,२२)। येशू ख्रीष्ट आफ्ना जनहरूका पक्षमा अभियोगकर्तालाई चुप गराउँदै, आफ्नो प्रायश्चितपूर्ण कार्यको मूल्यको आधारमा पितासित निवेदन गर्दै, आवश्यक परेको हरेक क्षण आफ्ना मानिसहरूलाई अनुग्रह दिँदै स्वर्गमा अविरल क्रियाशील भइरहनुभएको सोच्दा बडो अचम्म लाग्छ।

२१. विश्वासी परमेश्वरका निम्ति पूजाहारी हुन् (१ पत्रुस २:५,९)। विश्वासीले आफ्नो व्यक्तित्व, आफ्नो प्रशंसा र आफूसित भएका थोकसहित आत्मिक बलि चढाउन विशिष्ट अहोभाग्य प्राप्त गरेको हुन्छ। साथै, विश्वासीले अन्धकारदेखि गजबको ज्योतिमा बोलाउनुहुने परमेश्वरको प्रशंसा प्रकट गर्ने अवर्णनीय सम्मान प्राप्त गरेको हुन्छ।

२२. परमेश्वरका सन्तान स्वर्गका नागरिक भएका हुन्छन् (फिलिप्पी ३:२०)। यदि संसारमा भएका मानिस त आफ्नो नागरिकतादेखि गर्व गर्दछ भने विश्वासीले त "म स्वर्गको नागरिक हुँ, तर म संसारमा छु र अहिलेचाहिँ स्वर्गीय राजदूत हुँ" भन्ने यथार्थले झन् कति धेरै आनन्द मनाउन सक्छ (२ कोरिन्थी ५:२०)।

२३. विश्वासीहरू येशू ख्रीष्टसितैं महिमित हुन निर्दिष्ट गराइएका हुन्छन्। सारा आशिषहरूमध्ये सायद यो सबैभन्दा अचम्मको आशिष हुँदो हो। परमेश्वरको हरेक जन ख्रीष्टसित रहन र उहाँजस्तै बन्न निर्दिष्ट गराइएको हुन्छ।

प्रभु येशू ख्रीष्टले मुक्तिको अद्भूत कार्य गर्नुभए बापत उहाँलाई परमेश्वरले दिनुभएको महिमामा ख्रीष्टले आफ्ना मानिसहरूलाई पनि हिस्सेदार तुल्याउनुहुन्छ (यूहन्ना १७:२२)। यो यथार्थ यति अचम्मको छ कि यसको वयान गर्न मानव भाषा अपुग हुँदछ। तर यस यथार्थले मानिसहरूलाई आराधक तुल्याएको छ।

२४. विश्वासीहरूलाई एक दिन परमेश्वरको पुत्रको रुपमा प्रकट गरिनेछ (१ यूहन्ना ३:२)। वर्तमान संसारले यो कुरा बुझ्दैन। संसारले यो कुरा मन पराउँदैन। येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने कुरा पनि संसारले बुझ्दैन। तर जब येशू ख्रीष्ट आफ्नो शक्ति र महान् महिमामा फर्कनुहुन्छ, उहाँका आफ्ना जनहरूचाहिँ उहाँसित फर्कनेछन्। त्यसपछि तीनछक्क परेको संसारले पहिले सताइएका ख्रीष्टियनहरू त परमेश्वरका सन्तानहरू पो रहेछन् भनी महसुस गर्नेछ।

यी त परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति उहाँले तयार

पारिदिनुभएका अमूल्य नीतिहरूमध्ये केही झलक मात्रै हुन् । परमेश्वरले आफ्ना मानिसहरूलाई येशू ख्रीष्टद्वारा उनीहरूका निम्ति आफ्नो दयामा अनुग्रहको अत्यन्तै विशाल सम्पत्ति अनन्तभरि प्रकट गरिरहनुहुनेछ (एफिसी २:७) । यो कुरा सोच्नुहोस् त परमेश्वरले आफ्ना सन्तानहरूका निम्ति राखिदिनुभएका वैभवहरू प्रकट गर्न उहाँ आफैलाई सारा अनन्त समय लाग्नेछ।

त्यस बेलासम्म हामी पावलसित यसो भन्दै रहन सक्छौं, "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिषले ख्रीष्टमा आशिर्वाद दिनुभएको छ" (एफिसी १:३)।

निश्चयता
(Assurance)

के कुनै मानिसले मैले मुक्ति पाएको छु र म स्वर्ग जानेछु भनेर थाहा पाउन सम्भव छ त ?

यस प्रश्नको जवाफ दिने क्रममा प्रथमतः मुक्तिचाहिँ कामद्वारा प्राप्त हुँदैन भनी औंल्याउनुपर्दछ । कामद्वारा मुक्तिको निश्चयता असम्भव हुन्छ । कुनै पनि व्यक्तिले प्रयाप्त असल कार्य गरेको छु वा सही काम गरेको छु भनेर कहिल्यै पनि सकारात्मक जवाफ दिन सक्दैन । अझै भन्नुपर्दा, उसको मुक्तिचाहिँ सिद्ध जीवन जिउने निरन्तरतामा निर्भर रहने भएकोले मुक्तिको मापदण्ड पूरा गरिरहन सक्ने हो कि होइन भन्ने विषयमा ऊ कहिल्यै पनि पक्का हुन सक्दैन।

जो व्यक्तिहरू मुक्तिचाहिँ व्यक्तिगत चरित्र वा असल कार्यमा निर्भर रहन्छ भनेर विश्वास गर्दछन्, तिनीहरू आफ्ना भनाइहरूद्वारा यस्तो तथ्य निरन्तर प्रकट गर्दछन् । एक जना यस्तै मानिसलाई सोध्नुहोस्, “के तपाईंले मुक्ति पाउनुभयो ?” । सायद उसले यसो भन्दछ होला, “यसको निम्ति म परिश्रम गरिरहेको छु ।” अर्को शब्दमा, उसले **मुक्ति उपहारको रुपमा प्राप्त गर्ने होइन** तर **आर्जन गर्ने** अपेक्षा राखेको हुन्छ।

तपाईं अर्को मानिसलाई सोध्नुहोस्, “के तपाईं स्वर्ग जाँदैहुनुहुन्छ ?” र उसले यस्तो जवाफ दिन्छ, “नमरेसम्म के थाहा पाउनु र?” उसले सोचेको हुन्छ, “परमेश्वरले मैले गरेका असल र खराब कार्यहरूको मूल्याङ्कन गर्नुहुनेछ र ती दुई किसिमका कार्यहरू तुलना गर्दा जुन गह्रौं हुन्छ, त्यसैको आधारमा मेरो स्थान तोकिनेछ।”

तपाईं तेस्रो व्यक्तिलाई सोध्नुहोस् र उसले जबाफ दिन्छ, “आशा गरौं” वा “मलाई लाग्छ” वा “म पनि त अरुहरू जतिकै असल छु ।” यी सबै जवाफहरू अनुसार त्यस्ता व्यक्तिहरू परमेश्वरबाट अनुमोदन **आर्जन गर्न** चाहन्छन् र उनीहरू कहिल्यै निश्चित हुँदैनन्।

तर मुक्तिचाहिँ अनुग्रहद्वारा प्राप्त हुने भएकोले मानिसले एकदमै निश्चयतासाथ मुक्ति पाएको कुरा थाहा पाउन सक्दछ। “यसैकारण यो अनुग्रहअनुसार होओस् भनेर विश्वासद्वारा दिइएको हो। यसरी यो प्रतिज्ञा सबै सन्तानका निम्ति पक्का हुन्छ” (रोमी ४:१६)।

विश्वासद्वारा अनुग्रहबाट मुक्ति प्राप्त हुनु नै परमेश्वरले मानव जातिको निम्ति रच्नु भएको सुनिश्चित मुक्तिको एक मात्रै माध्यम हो ।

अनुग्रहबाट मुक्ति प्राप्त गर्नुको अर्थ सबै कुरा परमेश्वरमा निर्भर रहन्छ र मानिसमा केही पनि निर्भर रहन्न भन्ने हो। सबै कुरा परमेश्वरमाथि निर्भर रहेकाले त्यहाँ असफलताको त सम्भावना नै रहँदैन।

अनुग्रहबाट मुक्ति भन्नुको अर्थ हुन्छ— अनन्त जीवन उपहार हो। जब मानिसले उपहार ग्रहण गर्दछ, अनि उसले उपहार थाहा पाउँदछ। त्यसमा शंकाको कुनै स्थान रहन्न।

अनुग्रहबाट मुक्तिचाहिँ ख्रीष्टले पूरा गर्नुभएको कार्यमा आधारित छ। उहाँले हाम्रो निम्ति सबै कार्य पूरा गरिदिनुभएको हुनाले मानिसले केही पनि गर्नु आवश्यक छैन। मानिसले त केवल ख्रीष्टले उसको निम्ति गरिदिनु भएको कार्यलाई ग्रहण गरे पुग्दछ।

पावलले आफूले मुक्ति पाएको कुरा जानेका थिए। उनले भने, "यही कारणले म पनि यी दुःखहरू भोग्छु, तरै पनि लजाएको छैनँ; किनकि जसलाई मैले विश्वास गरेको छु, उहाँलाई म जान्दछु, र त्यस दिनसम्मका निम्ति जुन कुरा मैले उहाँलाई सुम्पेको छु, त्यसको रखवाली गर्नलाई उहाँ सामर्थी हुनुहुन्छ भनी मलाई निश्चयता छ" (२ तिमोथी १:१२)। (तीतस ३:५ पनि हेर्नुहोस्)।

एफिसीका विश्वासीहरूले आफूले मुक्ति पाएको कुरा बुझेका थिए। त्यसकारण पावलले उनीहरूलाई लेखे, "किनकि तिमीहरूले विश्वासद्वारा अनुग्रहले मुक्ति पाएका छौ । अनि यो तिमीहरू आफैबाटको होइन, यो त परमेश्वरको दान हो" (एफेसी २:८)।

वास्तवमा, नयाँ नियमका पत्रहरूका सारा विश्वासीहरूलाई मुक्ति प्राप्त गरेको कुरा बुझेका व्यक्तिहरूका रुपमा सम्बोधन गरिएका छन्। मुक्ति त असल कार्यसित पनि जोडिएको छ भनेर दोधारे विश्वास भएकाहरू उद्धार पाएँ होला भन्ने विश्वासीसितको अनुमान मिल्दो देखिन्छ। साँच्चै भन्नुपर्दा, यदि मुक्तिचाहिँ अलिकति भए पनि मानिसमा वा उसले गरेको कार्यमा निर्भर रहन्थ्यो भने कुनै पनि मानिसले मैले अनन्त जीवन पाएको छु भनी दावी गर्न उसको निम्ति आपत्तिजनक अनुमान बन्थ्यो।

तर अनुग्रहबाट मुक्ति प्राप्त हुने भएकोले त्यसमा अनुमानको कुनै स्थान रहँदैन। डि.एल. मुडीले यो कुरा बुझेका हुनाले यसो भने,

"म परिवर्तित मानिस हुँ भन्नु मलाई शर्म लाग्दैन। यसको श्रेय मेरो होइन।"

आफूले मुक्ति पाएको कुरा जान्ने सम्भावना इन्कार गर्नेहरू अनुमानका दोषी व्यक्तिहरू हुन्। उनीहरू परमेश्वरसित नमिल्ने कुरा अनुमान गर्दछन्। मुक्ति पाएको कुरा **थाहा पाउन** सम्भव छ—परमेश्वर भन्नुहुन्छ (१ यूहन्ना ५:१३)। उनीहरू सम्भव छैन भन्दछन्। त्यसकारण, उनीहरू परमेश्वरलाई झूटा भन्दछन् (१ यूहन्ना ५:१०)।

तर ख्रीष्टियनले चाहिँ आफूसित अनन्त जीवन भएको कुरा कसरी थाहा पाउन सक्छ त ? मुक्ति पाएको छु भनेर ऊ कसरी सुनिश्चित बन्न सक्छ ? मुक्तिको निश्चयता परमेश्वरको **जीवित वचन**बाट प्राप्त हुँदछ— यो नै सबैभन्दा सरल र छोटो उत्तर।

अब व्याख्यातिर लागौं। जब परमेश्वरले अनुग्रहको सुसमाचार तयार गर्नुभयो।

उहाँले आफ्नो पुत्र येशूमा विश्वास गर्नेहरूले उनीहरू मृत्युदेखि जीवनमा सरेका छन् भन्ने कुरा जानेको चाहनुभयो। उहाँले त्यो लक्ष्य कसरी हासिल गर्न सक्नुहुन्थ्यो त ? यस संसारमा सबैभन्दा भरपर्दो कुरा के हुन सक्थ्यो, जसमाचाहिँ मुक्तिको निश्चयतालाई आधार बनाउन सकिन्थ्यो ?

यस संसारमा सबैभन्दा भरपर्दो थोक भनेकै परमेश्वरको वचन हो। यदि उहाँले केही कुरा भन्नुहुन्छ भने त्यो कुरा साँचो हुन्छ। उहाँको वचनमा त्रुटी, भूल वा छलको रतिभर सम्भावना रहँदैन। स्वर्ग र पृथ्वी बितेर जानेछन् तर परमेश्वरको वचन कहिल्यै पनि बितेर जानेछैनन् (मर्कूस १३:३१)। यो समस्या सदाको निम्ति हल

भएको छ। उहाँलाई विश्वास गरेर निराशा बन्ने सम्भावना कदापि रहँदैन।

त्यसकारण, परमेश्वरले आफ्नो वचन बाइबलद्वारा मुक्तिको निश्चयता दिने निधो गर्नुभयो। धर्मशास्त्रमा उहाँले निश्चयतापूर्वक भन्नुभएको छ— उहाँको पुत्र येशूको नाममा विश्वास गर्ने सबैसित अनन्त जीवन हुन्छ।

"मैले तिमीहरूलाई अर्थात परमेश्वरको पुत्रको नाममा विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु—तिमीहरूसित अनन्त जीवन छ भन्ने कुरा तिमीहरूलाई थाहा होस्, र परमेश्वरको पुत्रको नाममा तिमीहरूले विश्वास गर" (१ यूहन्ना ५:१३)।

अर्को शब्दमा, ख्रीष्टमा विश्वास गर्ने सबैले मुक्ति पाएको कुरा जान्न सकून् भन्ने उद्देश्यले परमेश्वरद्वारा लेखिएको वचन हो— बाइबल।

यदि तपाईंले येशूलाई प्रभु र मुक्तिदाता भनी विश्वास गर्नुभयो भने तपाईंले आफूसित अनन्त जीवन छ भनी जान्न सक्नुहुन्छ। तपाईंले कसरी थाहा पाउने त ? किनकि परमेश्वरले नै आफ्नो वचनमा त्यसो भन्नुभएको छ। योभन्दा स्पष्ट र सकारात्मक कुरा अरु के नै हुन सक्छ र ?

अधिकांश मानिसहरूसित भएको समस्याचाहिँ उनीहरू आफूले मुक्ति पाएको कुरा थाहा पाउन आफ्नो भावनामा निर्भर हुन चाहन्छन्। उनीहरू सोच्दछन्— ख्रीष्टलाई विश्वास गरेपछि रहस्यमय, भावनात्मक अनुभूतिहरू अनुभव गरिएला। शरीरभरि तातो ज्योति सररर हिँड्ला। उनीहरू आनन्दको घण्टी बजेझैं गरी विद्युतीय तरङ्गसरिका थोक अपेक्षा राख्दछन्। जब त्यस्ता अनुभूति

हुँदैनन्, ती विचराहरू हामीले त मुक्ति पाएका रहेनछौं भन्ने निष्कर्षमा पुग्छन्। बाइबलले कहिले पनि **भावनागत** मुक्तिको विषयमा चर्चा गरेको छैन भन्ने कुरा उनीहरूले बुझ्नु पर्दछ। उनीहरू त परमेश्वरले कहिल्यै पनि प्रतिज्ञा नगर्नुभएको कुरा पो खोजिरहेका हुन्छन्।

उनीहरूले बुझ्नु पर्दछ— भावना त एकदमै भरोसा गर्न नसकिने मार्गनिर्देशक हो। भावनाहरू घण्टा-घण्टामा अदल-बदल भइरहन्छन्। मुक्तिको निश्चयताचाहिँ परमेश्वरको वचनको निश्चित जगमा आधारित हुन्छ।

डा. स्कोफिल्डका अनुसार "धर्मीकरण परमेश्वरको मनमा शुरु हुन्छ तर विश्वासीहरूको स्नायू प्रणालीमा होइन" भन्ने कुरा मानिसहरूले बुझ्नु पर्दछ। वास्तवमा भन्ने हो भने, यसको समाधान शरीरमा तरङ्गीत हुने भावनामा नभएर स्वर्गमै भइसकेको छ।

यो कुरा सत्य हो— प्रायः गरी खुसीका अनुभूतिहरूचाहिँ मानिसले प्रभुलाई विश्वास गरेपछि तरङ्गीत हुने गर्दछन्। उद्धार पाएको कुरा थाहा पाएपछि कसलाई खुशी लाग्दैन र ? तर कुरोको चुरोचाहिँ यो हो— आनन्दित अनुभूतिले हाम्रो उद्धार भएको छ भनेर बताउँदैन। बरु, परमेश्वरको अपरिवर्तनशील वचनमा आधारित हाम्रो उद्धार भएको छ भन्ने ज्ञानले चाहिँ हामीलाई खुशी तुल्याउँदछ।

क्रूसमा मर्दै गरेको चोरले कुनै सुखद अनुभूतिद्वारा आफूले मुक्ति पाएको कुरा थाहा पाएन। उसको शरीर पीडाले थिलथिलो भइरहेको थियो। आफूले उद्धार पाएको उसलाई थाहा थियो। किनकि उसले ख्रीष्टले यसो भन्नुभएको सुन्यो, "...आज नै तिमी मसँग स्वर्गलोकमा हुनेछौ" (लूका २३:४३)। अर्को शब्दमा, उसले आफ्नो मुक्तिको निश्चयता ख्रीष्टको वचनमा आधारित तुल्यायो।

आजका विश्वासीहरूमा भएको एक मात्र भिन्नताचाहिँ उनीहरू परमेश्वरले सुन्ने गरी बोल्नुभएको आवाज सुन्दैनन्। यस युगमा परमेश्वर आफ्नो लिखित वचनद्वारा मुक्तिको निश्चयता बारे बोलिरहनुभएको छ।

वास्तवमा, परमेश्वरको वचन मुक्तिको निश्चयताको माध्यम मात्रै होइन। जब विश्वासी ईसाई जीवनमा बढ्दै जान्छ, उसले निम्न कुराद्वारा निश्चयता प्राप्त गर्दै जान्छ :

१. आफ्ना विश्वासी दाजुभाइ तथा दिदीबहिनीहरूको प्रेम (१ यूहन्ना ३:१४)।
२. पापप्रति जागेको नवीन घृणा (मत्ती ६:१३)
३. पवित्रताप्रति नवीन मोह (१ यूहन्ना २:३)
४. परमेश्वरको वचनप्रति तृष्णा (१ पत्रुस २:२)
५. परमेश्वरको निर्देशन, आदिप्रति सचेतना (रोमी ८:१४)

तर उसले प्रभु येशूलाई ग्रहण गरेकै क्षणमा आफूले प्राप्त गरेको मुक्ति बारे जान्न सक्दछ। किनकि बाइबलले सो कुरा बताएको छ।

अनन्त सुरक्षा
(Eternal Security)

मुक्ति सधैंको निम्ति हुन्छ कि मानिसले एक पल्ट मुक्ति प्राप्त गर्छ अनि फेरि गुमाउँछ ? अहिले हामीले यस्तो द्विविधा झेलिरहेका छौं।

कुनै व्यक्तिले साँच्चिकै उद्धार पाएपछि उसले सदाका निम्ति मुक्ति प्राप्त गर्दछ भनी विश्वास राख्ने मानिसहरू छन्। अरुहरूलाई लाग्दछ– यो त एकदमै खतरापूर्ण सिद्धान्त हो, यसले त ईसाईहरूलाई पापमय जीवन जिइरहन प्रोत्साहन दिँदछ। त्यस्ता मत बोक्ने मानिसहरूको मुक्तिचाहिँ उसको जीवन जिवाइमा निर्भर रहन्छ र त्यसले नै अनन्त जीवन गुमाउने–नगुमाउने निधो गर्दछ भनी वकालत गर्दछन्।

यदि कुनै व्यक्तिले परमेश्वरको अनुग्रहको सुसमाचार साँचो रुपमा बुझ्दछ भने उसले सहजै रुपमा पहिलो मतचाहिँ ठीक हो भनी बुझ्नेछ। यदि कुनै मानिसले साँच्चि नै मुक्ति पाएको छ भने उसको मुक्ति सदाको निम्ति हुन्छ।

विश्वासीहरू साँच्चिकै अनन्तका निम्ति सुरक्षित रहन्छन् भन्ने निम्न धर्मशास्त्रीय विचारहरू हेरौं :

१. प्रथम, परमेश्वरको हरेक सन्तान संसारको उत्पत्ति हुनुभन्दा

अघि नै ख्रीष्टमा चुनिएका हुन्छन् (एफिसी १:४)। पिताको चुनाहट र पूर्व-योजनाले अन्तिम मुक्ति र अनन्त संरक्षण सुनिश्चित गरेको छ (रोमी ८:३०)। (यूहन्ना ६:३७)।

२. मुक्ति चाहिँ हामीले परमेश्वरको निम्ति के गर्दछौं भन्ने कुरामा होइन तर उहाँले हाम्रो निम्ति के गर्नु भयो भन्ने कुरामा निर्भर रहन्छ। मुक्ति ख्रीष्टले क्रूसमा समापन गर्नुभएको कार्यमा निर्भर रहन्छ। ख्रीष्टले गर्नुभएको कार्य सिद्ध र पूर्ण कार्य थियो (हिब्रू १०:१२)। यसमा केही पनि थप्न वा त्यसमा केही पनि सुधार गर्न सकिन्न (हिब्रू १०:१८)। अनन्त सुरक्षा सम्बन्धी शंका गर्नु भनेको ख्रीष्टले गर्नुभएको प्रयाश्चित कार्यको प्रयाप्ततालाई अनादर गर्नु हो। विश्वासीले प्राप्त गरेको स्वीकारचाहिँ ऊ आफैमा नभएर ख्रीष्टमा हो। यसकारण यो सिद्ध र पूर्ण छ (हिब्रू १०:१४)। यो मुक्ति ख्रीष्टजतिकै अनन्त छ।

३. हामीलाई बचाउनु अघि नै परमेश्वर हाम्रो विषयमा सबै थोक जान्नुहुन्थ्यो। हामीले गरेका वा गर्ने सबै पापहरू उहाँ जान्नुहुन्थ्यो। यद्यपि, उहाँले त्यही अवस्थामा हामीलाई बचाउनुभयो।

जब प्रभु येशू ख्रीष्ट मर्नुभयो, उहाँ भूत, वर्तमान र भविष्यत् सबै कालका पापहरूको निम्ति मर्नुभयो। वास्तवमा, उहाँ मर्नुहुँदाखेरि ती सबै पापहरू भविष्यत् कालमै थिए र ती सबैको निम्ति नै उहाँ मर्नुभयो। यसकारण ती सबै पापहरूको दण्ड एकै पल्टमा चुक्ता भइसकेको छ। परमेश्वरले फेरि अर्को भुक्तानी माग्नुहुन्न। यदि त्यसो भएमा, त्यो न्यायिक हुनेछैन र परमेश्वरले अमिल्दो कार्य पनि गर्न सक्नुहुन्न।

४. हामीले अघि अध्ययन गरिसके अनुसार मुक्तिचाहिँ उपहार हो। परमेश्वरले एक दिनको निम्ति मुक्ति दिने अनि अर्को दिन फिर्ता लिने काम गर्नुहुन्न। "किनकि परमेश्वरका अनुग्रहका दानहरू र बोलावटहरू नउल्टिने हुन्छन" (रोमी ११:२९)।

५. मुक्तिचाहिँ जन्मजस्तै हो (यूहन्ना ३:३)। जब कुनै मानिसले मुक्ति पाउँदछ, उसले माथिबाट जन्मेको हुन्छ। ऊ यसरी परमेश्वरको सन्तान भएको हुन्छ (यूहन्ना १:१२)। त्यसकारण, यो जन्म अन्तिम र अपरिवर्नशील हुन्छ। एक पल्ट जन्म भइसकेपछि यो कहिल्यै पनि रद्द हुन सक्दैन। एउटा छोरा वा छोरीले आफ्नो पितालाई मन दुखाउन सक्छ वा बद्नाम गर्दछ, तापनि सम्बन्ध भने रहिरहन्छ।

नयाँ जन्मसित पनि यस्तै हुन्छ। कुनै पनि विश्वासी पापमा फँसेर परमेश्वरको हृदयलाई दुःखाउन सक्छ तर पनि परमेश्वर उसको पिता नै भइरहनुहुन्छ। यो कुरा १ यूहन्ना २:१ मा यसरी उल्लेख गरिएको छ, "यदि कुनै मानिसले पाप गऱ्यो भने पनि पितासित मध्यस्थ गर्ने व्यक्ति हामीसित हुनुहुन्छ"। हामीले पाप गरे तापनि उहाँ अझै पनि पिता नै हुनुहुन्छ। पापले परमेश्वरसितको **सङ्गति** तोड्दछ तर **सम्बन्ध** भने तोड्दैन।

६. एउटा विश्वासी जसले आफूले आफूलाई बचाउनु भन्दा अगाडी उ बचाइनु पर्दथ्यो। जब गलातीहरूले त्यसो गर्न कोसिस गरे, पावलले उनीहरूलाई सोधे, "के तिमीहरू यति बुद्धिहीन छौ? आत्मामा शुरु गरेर अब शरीरमा सिद्ध्याउँछौ?" (गलाती ३:३)।

७. परमेश्वरले आफ्ना मानिसहरू छुटकारा दिन अति महङ्गो मूल्य चुकाउनुभएको छ। हामी शत्रु छँदै उहाँले हामीलाई

बचाउनुभयो । हामी उहाँका सन्तान हौं भने के अब उहाँले हामीलाई त्याग्नुहुन्छ होला त ? "किनकि शत्रु हुँदाखेरि उहाँको पुत्रको मृत्यूद्वारा परमेश्वरसित हाम्रो मिलाप भयो भने मिलाप भएपछि त झन् बढ्ता गरी उहाँको जीवनद्वारा हामी बचाइनेछौँ" (रोमी ५:१०)।

८. परमेश्वरले विश्वासीलाई **अनन्त** जीवनको प्रतिज्ञा गर्नुभएको छ। कति समयसम्म त **अनन्त** ? यो त सदासदाको निम्ति हो। "अनि म तिनीहरूलाई **अनन्त** जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन् । न त कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ" (यूहन्ना १०:२८)। यूहन्ना ३:१६, ३:३६ र ६:४७ पनि हेर्नुहोस्। उहाँ कहिल्यै पनि आफ्नो प्रतिज्ञा फिर्ता लिनुहुन्न।

९. रोमी ८:३० अनुसार खीष्टमा धर्मी ठहरिएकाहरू महिमामा बदलिनेछन् । महिमित हुनु भनेको स्वर्गमा लगिनु, नयाँ शरीर दिइनु, पापको उपस्थितिदेखि सदाको लागि अलग राख्नु भन्ने हुन्छ । विश्वासी महिमित हुने कुरा यति सुनिश्चित छ कि "...जसलाई उहाँले धर्मी ठहऱ्याउनुभयो, उहाँले तिनीहरूलाई **महिमित** पनि तुल्याउनुभयो" भनी पक्का गरी परमेश्वरले यस विषयमा बोल्नुभएको छ।

१०. मुक्ति एउटा कार्य हो, विश्वासीको खातिर यसलाई सम्पन्न गर्न परमेश्वरले नै पहल गर्नुहुन्छ। शुरुमा उहाँले उद्धार गर्ने मात्रै तर त्यसलाई सम्हाली राख्ने पनि पक्का–पक्की गर्नुहुन्छ।

"यही कारणले म पनि यी दुःखहरू भोग्छु, तरै पनि म लजाएको छैनँ : किनकि जसलाई मैले विश्वास गरेको छु, उहाँलाई म जान्दछु, र त्यस दिनसम्मका निम्ति जुन कुरा मैले उहाँलाई

सुम्पेको छु, त्यसको रखवाली गर्नलाई उहाँ सामर्थी हुनुहुन्छ भनी मलाई निश्चयता छ" (२ तिमोथी १:१२)। "...यस कुरामा म निश्चित छु– जसले तिमीहरूमा एउटा असल काम शुरु गर्नुभएको छ, उहाँले येशू खीष्टको दिनसम्म त्यो पूरा गर्नहुनेछ" (फिलिप्पी १:६) । "अब उहाँलाई नै, जसले तिमीहरूलाई लोट्नदेखि बचाउन र तिमीहरूलाई उहाँका महिमाका सामु अति आनन्दसहित दोषरहित खडा गराउन सक्नुहुन्छ" (यहूदा २४)।

११. विश्वासीहरूको सुरक्षा परमेश्वरको दाहिने हातपट्टि विराजमान भएर प्रधान पूजाहारी र मध्यस्थकर्ताको रुपमा कार्य गर्नुहुने प्रभु येशू खीष्टको वर्तमान सेवकाइद्वारा सुनिश्चित गरिएको छ।

यूहन्ना १७:१–२६ (खीष्टले आफ्ना जनहरू सुरक्षित होऊन् भनी प्रार्थना गर्नुहुन्छ।)

"यसकारण अब उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ्ता गरी हामी उहाँद्वारा क्रोधबाट बचाइनेछौं । किनकि शत्रु हुँदाखेरि उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसित हाम्रो मिलाप भयो भने मिलाप भएपछि त झन् बढ्ता गरी उहाँको जीवनद्वारा हामी बचाइनेछौं" (रोमी ५:९,१०)।

"यसैकारण उहाँद्वारा जो–जो परमेश्वरकहाँ आँउछन्, तिनीहरूलाई पूर्ण रुपले मुक्त गर्न उहाँ सामर्थी हुनुहुन्छ ? किनकि तिनीहरूका निम्ति अन्तर्विन्ती गर्न उहाँ सँधै जीवित हुनुहुन्छ" (हिब्रु ७:२५)।

"पिताको सामु मध्यस्थकर्ताको रुपमा हामीसित धर्मी येशू खीष्ट हुनुहुन्छ" (१ यूहन्ना २:१)।

१२. कुनै पनि कुराले विश्वासीहरूलाई परमेश्वरको प्रेमदेखि अलग पार्न सक्दैन । "किनकि मलाई पूरा निश्चयता भएको छ— न मृत्यूले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताहरूले, न अधिकारहरूले, न अहिलेका कुराहरूले, न पछि आउने कुराहरूले, न उचाइले, न गहिराइले, न अरु कुनै सृष्टिले नै हामीलाई हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमदेखि अलग पार्न सक्नेछ" (रोमी ८:३८,३९)।

१३. पवित्र आत्मा विश्वासीभित्र **सदाको निम्ति** वास गर्नुहुन्छ । "अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सँधैभरि हामीसँगै रहुन् भनेर हामीहरूलाई दिनुहुनेछ । अर्थात सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने त्यसले नता उहाँलाई देख्छ, न उहाँलाई चिन्छ । तर तिमीहरूले उहाँलाई चिन्छौ, किनकि उहाँ तिमीहरूसित रहनुहुनेछ, र तिमीहरूभित्र हुनुहुनेछ" (यूहन्ना १४:१६,१७) । १ यूहन्ना २:२७ पनि हेर्नुहोस् ।

१४. विश्वासीलाई उद्धारको दिनको निम्ति पवित्र आत्माद्वारा छाप पनि लाइएको हुन्छ (एफिसी ४:३०) । पवित्र आत्मा "...किनिएको सम्पत्तिको छुटकाराको समयसम्म हाम्रो पैत्रिक-सम्पत्तिको बैना हुनुहुन्छ" (एफिसी १:१३,१४) । यस कुराले परमेश्वरका सन्तान स्वर्ग नपुगेसम्मका लागि पवित्र आत्माको सेवकाइलाई सुनिश्चित गर्दछ । माथिका सबै कुराबाट यही कुरा प्रमाणित हुनुपर्दछ कि विश्वासीहरू "अन्तिम समयमा प्रकट हुनलाई तयार भएको मुक्तिका निम्ति परमेश्वरको शक्तिले विश्वासद्वारा सुरक्षित छन्" (१ पत्रुस १:५)।

यो त डरलाग्दो सिद्धान्त हो भन्नु भनेको अनुग्रहको अर्थको सटिक बुझाइ नहुनु हो । साथै, जब कुनै व्यक्तिले उद्धार पाउँदछ, ऊभित्र व्यभिचार, हत्या र अन्य डरलाग्दा पापहरू गर्ने उग्र कुण्ठा तुरुन्तै आइहाल्छ । अनि ऊ दण्डको डरले नियन्त्रित नभएसम्म ऊ त्यस्ता कार्यहरू यथार्थमा गरिनै रहन्छ ।

तथ्यहरू के के हुन् त ?

तथ्यहरू निम्न छन् :

पहिलो मानिसहरूलाई पाप गर्न प्रोत्साहन दिनुको साटो अनन्त सुरक्षाको सिद्धान्तले विश्वासीले पाप गर्न नहुने अत्यन्तै मजबुत कारण प्रस्तुत गर्दछ । परमेश्वरले पूर्ण, सित्तैं र अनन्त मुक्ति दिनुभएको छ भन्ने ज्ञानले विश्वासीहरूलाई उहाँको सेवा सधैंगरी गरिरहने चाहना जगाउँदछ ।

प्रेमचाहिँ दण्डको त्रासभन्दा पनि अझै शक्तिशाली शक्ति हो । मानिसहरूले डरद्वारा जे गर्दैनन्, प्रेम भावद्वारा चाहिँ त्यही गर्नेछन् । प्रेमले झैं अन्य कुनै कुराले हृदयलाई जोड्न सक्दैन । "मानिसलाई होसियार तुल्याउन दण्डको अविरल त्रासमा राखिराख्नु अनिवार्य छैन । प्रेम आज्ञापालनको उच्चकोटि र महाबलिष्ठ सिद्धान्त रहेछ । परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने अन्तरानुभूतिले उहाँलाई खुशी तुल्याउने हाम्रो अभिलाषा वृद्धि गरिदिनेछ ।" – रबिन्सन

त्यसकारण, विश्वासीहरू मुक्ति प्राप्त गर्नको निम्ति पवित्र जीवन जिउँदैनन् तर आफूलाई बचाउनुहुने खीष्टप्रतिको प्रेमद्वारा पवित्र जीवन जिउँदछन् । उहाँका निम्ति व्यवस्था विरुद्धमा भन्दा अनुग्रहविरुद्ध पाप गर्नु झन् ठूलो अपराध हो ।

दोस्रो, जब कुनै व्यक्तिले मुक्ति प्राप्त गर्दछ, उसले नयाँ स्वभाव प्राप्त गर्दछ (२ पत्रुस १:४)। पाप गर्ने उग्र इच्छा आउनुको साटो आफूले पहिले कहिल्यै घृणा नगरेको पापप्रति ऊभित्र घृणा उत्पन्न हुँदछ।

नयाँ चरित्र वा स्वभावले पापप्रतिको घृणा मात्रै जगाउँदैन बरु यसले त विश्वासीलाई पाप गरेमा एकदमै दयनीय व्यक्ति पनि तुल्याउँदछ।

पिता परमेश्वरसित विश्वासीको सङ्गति टुट्नु भनेको ईसाई जीवनको सबैभन्दा ठूलो दुःख हो। हाम्रो जुन पापले गर्दा मुक्तिदाता मर्नुभयो, त्यही पापमा फेरि पनि डुबिरहनु भनेको लज्जाबोध हो। यो भनेको प्रेमिलो स्वर्गीय पिताको ताडना भेट्नु हो। ख्रीष्टको न्याय–आसनमा इनाम गुमाउनु हो (१ कोरिन्थी ३:१५)। भूल गरेको ईसाईले आफ्ना भूलहरू स्वीकार गरेर त्यस पापलाई नछोडेसम्म आफ्नो प्रभुसितको सङ्गतिमा पुनर्स्थापित हुन सक्दैन।

वास्तवमा मानिसले उद्धार पाएको छु भनेर स्वीकार गर्ला अनि गएर पापमै डुबिरहला। त्यसको अर्थ उसले कहिलेकाहीँ मात्रै पाप गर्दछ भन्ने होइन तर ऊ निरन्तर पापमा अभ्यस्त भइरहन्छ भन्ने हो। त्यो त उसको जीवनको आदत हो। यो कुरा उसले मुक्ति पाएको छ अनि त्यसपछि मुक्ति गुमाएको छ भन्ने विषय होइन। त्यस व्यक्तिले आफूले साँच्चै मुक्ति पाएको छैन भन्ने कुरा व्यवहारबाट पुष्टि गर्दछ। ऊ त परमेश्वरको अनुग्रह साँचो रुपमा कहिल्यै अनुभव नगरेको झूटा विश्वासी मात्रै हो ।

तर जोहरूले साँच्चै जीवित, प्रेमिलो मुक्तिदातालाई विश्वास गरेका छन्, परमेश्वरले त्यस्ता व्यक्तिहरूलाई सुरक्षित रुपमा स्वर्गीय

घरमा लैजानेछु भनी अचुक प्रतिज्ञा गर्नुभएको छ । उनीहरू पूर्ण भरोसापूर्वक यसरी गाउन सक्छन् :

“मेरो नाम उहाँका हत्केलाहरूबाट
मेट्न सक्दैन अनन्तताले
उहाँको हृदयमा कुँदिएको त्यो नाम,
अमिट अनुग्रहको चिन्हको रुपमा ।

अँ, रहिरहनेछु म,
बैना दिएजतिकै निश्चित भई,
सुरक्षित मात्रै होइन अझै खुशी भई ।
छन् स्वर्गमा ती धन्यहरूका आत्माहरू ।”

परमेश्वरको अनुग्रहप्रति मानिसको प्रत्युत्तर
(Mans Response To God's Grace)

जब मानिसले मेरो निम्ति परमेश्वरको अनुग्रह यस्तो पो रहेछ भनेर बुझ्न थाल्दछ, त्यस कुराले उसको सारा जीवनलाई परिवर्तन गरिदिन्छ। त्यसपछि ऊ कहिल्यै पनि उस्तै रहन सक्दैन।

सर्वप्रथम, त्यो व्यक्ति आफ्नो तुच्छताको अनुभूतिले कायल हुन्छ। परमेश्वरले यस्तो पापीलाई देखाउनुभएको यस्तो दया अचम्मै अविश्वसनीय लाग्दछ।

रुथले बोअजलाई "किन मैले तपाईंको दृष्टिमा कृपा पाएकी छु, र तपाईं मलाई ध्यान दिनुहुन्छ ? किनकि म त एउटी परदेशी हुँ ?" (रुथ २:१०) भनेको भाषा उसले अङ्गिकार गर्दछ।

अथवा, उसले दाउदझैं गरी उनले यहूदाका सन्तानलाई यो धुनको गीत सिकाउने आदेश दिए । "हे परमप्रभु, तपाईंले मेरो परिवारलाई हामीले चाहेकोभन्दा महत्त्वपूर्ण बनाउनुभएको निम्ति तपाईंलाई धन्यवाद दिन्छु। तपाईंले किन हामीलाई यस्तो उच्च स्थान दिनुभयो ? म एउटा सेवकभन्दा केही होइन । तपाईं मप्रति यति दयालु बन्नुभयो । तर तपाईंले यस्तै कृपा मेरा सन्तानहरूलाई पनि गर्नेछु भन्नुभयो। हे सर्वोच्च परमप्रभु, के यो तपाईंको मानिसहरूसित

वार्तालाप गर्ने सामान्य तरिका हो?" (२ शमूएल ७:१८,१९)।

अथवा दाउदलाई मेपिबोशेतले "तपाईंको दास को हो, र तपाईंले मजस्तो मरेको कुकुरमाथि कृपादृष्टि राख्नुहुन्छ?" (२ शमूएल ९:८) भनेका शब्दहरू उसले सापट लिन्छ।

अथवा, उसले "हे प्रभु, तपाईं मेरो छाँयामुनि आउने योग्यको म छैनँ। तर वचनमात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ" भनी कप्तानले बोलेको कुरा प्रयोग गर्दछ (मत्ती ८:८)।

कुनै पनि घटनाक्रममा सुसमाचारको विशाल भोजमा मलाई डाकिएला कि नडाकिएला भन्ने भयङ्कर आश्चर्यले विह्वल भएको हुन्छ।

"जब हाम्रा नजर र हृदयहरू जोडिन्छन्,
गर्न प्रशंसा त्यस भोजको,
हामी एक-एक गरी कराउँछौं
धन्यवादी हृदयले
भनी 'प्रभु, म किन अतिथि ?'
किन मलाई तपाईंको स्वर
सुन्ने र त्यहाँको कक्षभित्र
प्रवेश गर्ने तुल्याउनुभयो,
जब हजारौंहरू दुःखलाग्दो रोजाइ
अङ्गाल्छन्, अनि भित्र प्रवेश गर्नुभन्दा
भोकै चाहन्छन् मर्न उनीहरू।"

व्यक्तिगत तुच्छताको यस्तो अनुभूति परमेश्वरको सर्वोच्च महान्ताको गम्भीर स्वीकारोक्ति हो । परमेश्वरको अनुग्रह चाल पाउने व्यक्ति स्वाभाविक रुपमा घुँडा टेक्दछ र सारा महिमा तपाईंकै हो भनी परमेश्वरको सामु स्वीकार गर्दछ :

"आदर र प्रशंसाको योग्य,
अनि पूर्णतः स्तुतिको योग्य,
तपाईं स्वर्गीय असीमित
विषय, अनि तपाईं
अति योग्य, येशू प्रभु ।"

आफ्नो प्रभु र मुक्तिदाताको महान्ताको विषयमा आफूलाई अनुभूत भएका सबै कुरा बताउन आफू पूर्णतः असक्षम भएको कुरा उसले व्यक्त गर्दछ :

"बुद्धि, प्रेम र शक्तिका
सारा महिमामय
नामहरू जोडिन्छन्
कि मरणशीलले कहिल्यै
नबुझेको कुरा त्यो,
स्वर्गदूतहरूले कहिल्यै
नपाएका,
उहाँका योग्यता वर्णन गर्न
सबै अयोग्य छन्,
मुक्तिदाता भन्न
पनि अति अयोग्य छन् ।"

ऊ तल उल्लेखित शब्दहरू उच्चारण गर्दै आफ्नो तुच्छ हृदयदेखि भक्ति चढाउन विवश हुन्छ :

“आश्चर्यहरूका महान् परमेश्वर
तपाईंका सारा मार्गले
तपाईंका स्वर्गीय चरित्रहरू
देखाउँछन्
तर तपाईंको अनुग्रहका
चम्किला महिमाहरू
तपाईंका अन्य आश्चर्यहरूमाथि
चम्कन्छन्,
तपाईंजस्तै अरु को छ
क्षमा दिने परमेश्वर ?
वा जसको अनुग्रह
यति प्रशस्त र सित्तैं छ ?”

वा ऊ बालकझैं चिच्याउँछ सरल हृदयले :
“मेरो गीत अज्ञात प्रेमको,
मप्रतिको प्रेम मेरो मुक्तिदाताको,
प्रेमहीनप्रति देखाइएको प्रेम,
ती हुन सक्लान् प्यारो ।
म को हुँ र ? जसप्रति मेरो प्रभुले
मानव देह धारण गरी मर्नुभयो ?”

प्रभुलाई आराधना गर्ने भित्री वाध्यताको अलावा विश्वासी उम्कन नसक्ने निष्कर्ष अघि उभिएको हुन्छ। यस बखतमा आफ्नो सारा आत्मा, प्राण र शरीरसहित प्रभुमा आफैलाई अर्पण गर्नु नै उसले गर्न सक्ने एक मात्रै उपयुक्त कार्य हो :

"मेरा स्वभावका सारा क्षेत्रहरू,
भेटीको रुपमा चढाए पनि हुन्छन् ती साना,
अति उदेक, अति ईश्वरीय प्रेम,
त्यसले माग गर्दछ मेरा हृदय, जीवन र मसित भएका सारा।"

यसैले पावल प्रेरित "...ख्रीष्टको प्रेमले हामीलाई विवश पार्दछ, किनकि हामी यो निर्णय गर्दछौँ– सबैका लागि एकजना मर्नुभयो भने साँच्चै सबै मरे; अनि सबैका निम्ति उहाँ मर्नुभयो; यसकारण जिउनेहरू अब उसो आफ्ना निम्ति जिउनुहुँदैन, तर उहाँका निम्ति जिउनुपर्छ, जो उनीहरूका निम्ति मर्नुभयो र बौराइनुभयो" (२ कारिन्थी ५:१४,१५) भनी व्यक्त गरेका शब्दहरू सहर्ष स्वीकार गर्दछ।

परमेश्वरका कृपाले जिउँदो बलिदान, पवित्र, परमप्रभुमा स्वीकारयोग्य जीवनको माग गर्दछ भनेर उसले बुझ्दछ (रोमी १२:१,२)। उसले आफू किनिएको हुनाले म मेरो होइन भन्ने कुरा बुझेको हुन्छ। त्यसकारण ऊ यसो भन्दछ, "म मेरो मालिकलाई प्रेम गर्दछु। म छाडा भएर हिँडने छैनँ।"

परमेश्वरको अनुग्रह देखेका आँखाहरूका लागि बलिदान कहिल्यै पनि ठूलो देखिन्न। येशू ख्रीष्ट विश्वासीका सारा ज्ञान, खुबी, जवानी, समय, साथै उनीहरूका सारा जीवनकै योग्य हुनुहुन्छ। कलवरीको नजरमा कष्ट पनि विशिष्ट सौभाग्य लाग्दछ।

परमेश्वरको अनुग्रहले मानिसको खल्तीलाई पनि स्पर्श गर्दछ। सायद सबै कुरा परमेश्वरकै हुन् भनेर पहिलो पटक ईसाईले नै बुझेको हुनुपर्दछ। "मैले मण्डलीलाई कति दिनुपर्छ?" भन्ने प्रश्नको ठाउँ रहँदैन बरु "परमेश्वरलाई उहाँको सेवाको निम्ति कतिचाहिँ दिनुपर्दछ ?" भन्ने प्रश्नको चाहिँ ठाउँ रहन्छ।

"मसित भएका मेरा होइनन्,
यी सबै दाताकै हुन्,
मेरो हृदय, मेरो शक्ति, मेरो जीवन
मेरा सबै थोक
उहाँकै, र सदासदा उहाँकै हुन्।"

परमेश्वरप्रति धन्यवादले छल्किएको हृदय सजिलैसित जोगाउन सकिने कुरा दिनमा कहिल्यै सन्तुष्ट बन्न सक्दैन बरु यसरी सङ्कल्प गर्नेछ, "तर म निश्चय दाम दिएर यो तिमीबाट किन्नेछु। अनि सित्तैंमा म परमप्रभु मेरा परमेश्वरलाई होमबलिहरू चढाउनेछैनँ। तब पचास शेकेल चाँदी दिएर दाउदले त्यो खला र ती बहरहरू किने" (२ शमूएल २४:२४)।

"तपाईंदेखि जीवनका सुनौला क्षणहरू
कसरी अलग राख्न सकौंला र ?
वा सुन वा शक्ति कसरी
सञ्चय गर्न सकौंला र ?
तपाईं आफैं पोखिनुभयो
र मेरो निम्ति जीवन दिनुभयो

किन तपाईंलाई एउटै भए पनि
अमूल्यवान थोक नचढाउँ र ?"

मानिसको जीवनमा परमेश्वरको अनुग्रहको अर्को प्रतिफल भनेको पवित्र रहने ईश्वरीय लगाम हो । परमेश्वरको अनुग्रहले उसलाई भक्तिहीनताका कुरा र सांसारिक लालसाहरू इन्कार गर्न सिकाउँदछ अनि उसलाई वर्तमान संसारमा गम्भीर, धार्मिक र भक्तिको जीवन जिउन पनि सिकाउँदछ (तीतस २:११,१२)। उसका आफ्ना पापले गर्दा मुक्तिदाताले चुकाउनुभएको मूल्यको स्मरणले ऊभित्र नवीन चाहना जगाई पापप्रति घृणा जगाउँदछ। परमेश्वरको अनुग्रहले त्यस व्यक्तिलाई पाप गर्न प्रोत्साहन गर्नुको साटो आफू पापदेखि अलग बस्नु पर्ने सबल सम्भावित कारण दिँदछ।

अझै भन्नुपर्दा, पापीप्रतिको परमेश्वरको अनुग्रहले निरन्तर रुपमा उसलाई मिशनरी बनाउनेछ। ऊ कहिल्यै पनि आफ्नो मित्रको विषयमा चासो नराखी रहन सक्दैन। ऊ ती सबै कुराप्रति असाध्यै कृतज्ञता बोध गर्दछ (रोमी १:१४) । एफ.डब्ल्यू. मेयर्सले भनेका छन् :

"देख्छु केवल आत्माहरू त्यहाँ बन्धित भएका
जसलाई जित्नुछ, राजा हुनुपर्ने दासझैं छन्,
खोत्रो आश्चर्यमा उनीहरूका आशा सुन्दा,
देखावटीमा निराशलाग्दो गरी सन्तुष्ट भएका,
अनि दौडसहित मभित्र
असहाय लालसा थरथर हुन्छन्
अनि बज्छ चेतावनीको घण्टी बचाउन तिनलाई
नाश भइरहेकाहरूलाई बचाउन

उनीहरूकै निम्ति मर्न
अनि तिनीहरू सबैका निम्ति अर्पण गर्न ।"

परमेश्वरको अनुग्रहले मानिसलाई मिशनरी मात्रै तुल्याउँदैन । उसलाई त परमेश्वरको वचन, बाइबल प्रेमी बनाउँदछ। ऊ परमेश्वरको वचनमा रुचि दिएर घोत्लिन्छ, आफ्नो प्रिय परमेश्वरको आवाज सुन्न प्रतिक्षारत हुन्छ । गाड्धन खोज्ने मानिसझैं बाइबलका पाना–पाना केलाउँदछ । उसले दैनिक खानाभन्दा पनि परमेश्वरको सन्देशलाई खुब महत्त्व दिँदछ । उसले मण्डली, यहूदी राष्ट्र, गैर–यहूदी जाति, र अगमवाणीमुखी भविष्य सम्बन्धी वचनमा परमेश्वरको विचार खोजी गर्नेछ ।

अनि परमेश्वरको अनुग्रहले मानिसभित्र परमप्रभुसित प्रार्थनामा सङ्गति गर्ने अभिलाषा जगाइदिन्छ । प्रार्थना गर्ने कुरा अरुचिकर धार्मिक रीतिविधि हुनेछैन बरु आशिषमय विशिष्ट सौभाग्य हुनेछ ।

"तपाईंको सिंहासन अघि बिताएको
त्यो एक घण्टाको विशुद्ध आनन्द,
जब म प्रार्थनामा टेक्छु घुँडा,
तपाईं मेरो परमेश्वरसित,
साथी–साथी बीचमा झैं
बात गर्छु म ।"

अन्तमा, परमेश्वरको अनुग्रहको अनुभूतिले मानिसलाई उहाँको आगमनको प्रतिक्षा गराउँदै आशामा तयारी राख्दछ । अनुग्रहले उसलाई "त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता

येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै" (तीतस २:१३) रहनमा सिकाउँदछ।

अनन्तताभरि परमेश्वरले "ख्रीष्ट येशूमा हामीतर्फ भएको उहाँको दयाद्वारा पछि आउने युगहरूमा उहाँको अनुग्रहको अपार धन" (एफिसी २:७) प्रकट गर्नुहुनेछ।

यस्तो छ उहाँको अनुग्रह ! अनन्तताले यस विषयलाई रित्याउन सक्दैन।